लेखापरीक्षण प्रतिवेदन

नवराजपुर गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नवराजपुर गाउँपालिका, सिराहा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौँ

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/628

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू,

नवराजपुर गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिरहा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/628

श्रीमान् अध्यक्षज्यू ,

नवराजपुर गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, सिरहा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नवराजपुर गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नवराजपुर गाउँपालिकाको आय-व्यय तर्फ रू.९० करोड ९९ लाख ४७ हजारको लेखापरीक्षणबाट रु.२ करोड ९७ लाख ६० हजार बेरुजू देखिएकोमा प्रतिकृया प्राप्त नभएकोले असुल गर्नुपर्ने रू.११ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २१ लाख १२ हजार, नियमित गर्नुपर्ने रू.४२ लाख ७८ हजार र पेश्की बाँकी रू.२२ लाख ६० हजार गरी जम्मा रू.२ करोड ९७ लाख ६० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रू.१७ करोड ७१ लाख ४९ हजार र यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.२० करोड ६९ लाख ९ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नवराजपुर गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नवराजपुर गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्ततासे उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु							
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की	
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती									
१००	६५	२,९७,६०,३९०	०	०	०	०	१००	६५	२,९७,६०,३९०	११,०९,६१३	४२,७८,३१४	२,२१,१२,०९०	०	०	२,६३,९०,४०४	२२,६०,३७३	

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिराहा	१७,७१,४८,७६२	०	०	१७,७१,४८,७६२	०	२,९७,६०,३९०	२०६९०९१५२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
			सम्परीक्षण पेश नभएको	

नवराजपुर गाउँपालिका, सिराहा

(८०२१६५०४३००)

नवराजपुर गाउँपालिका , सिराहा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन गर्नुपर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ५ वडा र ३२.१८ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०७।२८ देखि २०८२।०७।३० सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.९०९९४७०२९.७७ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७०००।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पशु सेवा शाखाबाट उठाएको राजस्व मिति २०८२।०७।३० मा एन एम बि बैक लिमिटेड नवराजपुर शाखा भौ नं ०००२९६४० बाट आन्तरिक राजस्व खातामा दाखिला	१७०००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।०८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरणः

प्राप्ति			भुक्तानी		
विवरण	रकम रु	रकम रु	विवरण	रकम रु	रकम रु
सुरु मौज्दात			चालु खर्च		
१. संचित कोष	६७,८७२,५२०.८८		१. पालिका तर्फ	१३९,५५५,५०३.३४	
२. धरौटी अल्या	९,२६२,०५२.००		२. संघीय सशर्त	८९,५१७,७०६.९३	
३. कार्यसञ्चालन कोष (विविध खर्च खाता) ग २	९०७,९३६.१४		३. संघीय विशेष	०.००	
४. धरौटी प्राप्त	५,८७३,४२७.९५	८३,९१५,९३६.९७	४. प्रदेश सशर्त	०.००	
यस वर्षको आय			५. प्रदेश विशेष	०.००	२२९,०७३,२१०.२७
१. आन्तरिक आय	३,८०४,८३७.२३		पुँजिगत खर्च		
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	८४,८९०,६२२.००	
क) समानीकरण अनुदान	७६,५२७,८४०.००		२. संघीय सशर्त	१८,५३१,९००.००	
ख) राजस्व बाँडफाँड	६२,६२३,३५५.५५		३. संघीय विशेष	०.००	
ग) सशर्त अनुदान	१४१,६८९,०००.००		४. संघीय समपुरक	८,७३५,५११.००	
घ) समपुरक अनुदान	९,५००,०००.००		५. प्रदेश सशर्त	७,०३६,१०६.००	
ङ) विशेष अनुदान	०.००		६. प्रदेश विशेष	०.००	
च) रोयल्टी	४४४.६८		७. प्रदेश समपुरक	०.००	११९,१९४,१३९.००
छ) अन्य।मालपोत कार्यालयबाट प्राप्त	३,७७५,७०९.००	२९७,९२१,१८६.४६	अन्तर सरकारी अख्तियारी (संघ)		
३. वित्तीय हस्तान्तरण (प्रदेश)			क) सामाजिक सुरक्षा	९०,५०५,८०६.००	
क) समानीकरण अनुदान	५,६२९,०००.००		ख) श्रम रोजगार तथा सामाजिक सुरक्षा	३००,०००.००	
ख) राजस्व बाँडफाँड	२,५६२,४१८.००		ग) स्थानिय तह	१०,७४६,२६९.०७	१०१,५५२,०७५.०७

			प्रशासकिय भवन पुर्वाधार बिकास		
ग) सशर्त अनुदान	७,८२१,६७४.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	०.००		ऋण फिर्ता (साँवा)	०.००	
ङ) विशेष अनुदान	०.००		ऋणको व्याज भुक्तानी	०.००	
च) रोयल्टी	०.००		धरौटी फिर्ता तथा सदर स्याहा	१,६९७,४५३.००	
छ) अन्य	०.००	१६,०१३,०९२.००	कार्यालय सञ्चालन कोषबाट भएको खर्च	०.००	
४. अन्तर सरकारी अख्तियारी (संघ)			अन्य कोषबाट भएको खर्च	०.००	
क) सामाजिक सुरक्षा	९०,५०५,८०६.००		गैरसरकारी सँस्थाबाट सञ्चालित योजना	०.००	
ख) गरिबसँग विसेश्वर कार्यक्रम	०.००		१. कार्यसंचालन कोष(विविध खर्च खाता)ग २	३,३१६,९१९.००	
ग) श्रम रोजगार तथा सामाजिक सुरक्षा	३००,०००.००		अन्य खर्च भएमा	०.००	५,०१४,३७२.००
घ) स्थानिय तह प्रशासकिय भवन पुर्वाधार बिकास	१०,७४६,२६९.०७	१०१,५५२,०७५.०७	अनुदान फिर्ता		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			१. संघ तर्फ		
६. ऋण/वित्तीय व्यवस्था	०.००		क) सशर्त अनुदान चालु	३३,४७१,२९३.०७	फिर्ता मिति ०८२।०५।२३
७. धरौटी	०.००		ख) सशर्त अनुदान पुँजिगत	१६८,१००.००	
८. कार्यालय सञ्चालन कोष आय	०.००		ग) विशेष	०.००	

			अनुदान		
९. अन्य कोष आय	०.००		घ) समपुरक अनुदान	७६४,४८९.००	३४,४०३,८८२.०७
१०. गैरसरकारी संस्थाबाट संचालित योजना	०.००		२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त संचालित योजना	०.००		क) सशर्त अनुदान	७८५,५६८.००	
१२. अन्य आय भएमा	०.००	०.००	ख) विशेष अनुदान	०.००	
			ग) समपुरक अनुदान	०.००	७८५,५६८.००
१. कार्यसंचालन कोष(विविध खर्च खाता)ग २	२,७८७,४२९.८३	२,७८७,४२९.८३	अन्तिम मौज्दात		
	१,६५०,०००.००	१,६५०,०००.००	१. संचितकोषको मौज्दात	०.००	
			२. धरौटी	१३,४३८,०२६.९५	
२.स्थानिय सञ्चित कोषमा आ.व. ०८१।८२ मा बढी आम्दानी बाधिएकोले रकम नपुग भई फिर्ता हुन नसेकेकोले यस आ.व. ०८२।८३ को राजश्व बाँडफाँडबाट रकम छुट्याई फिर्ता गरिएको रू.			३. कार्यसंचालन कोष(विविध खर्च खाता)ग २	३७८,४४६.९७	१३,८१६,४७३.९२
जम्मा		५०३,८३९,७२०.३३	जम्मा		५०३,८३९,७२०.३३

सुत्रबाट सिर्जित एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) यस प्रकार छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद रु	जम्मा	नगद रु	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	६,९५,२९,८४८.१०	६,९५,२९,८४८.१०	६,२६,३१,३३२.४९	६,२६,३१,३३२.४९
१३०००	अनुदान	२३,९४,४९,३५७.००	२३,९४,४९,३५७.००	२२,५७,७०,०००.००	२२,५७,७०,०००.००
१४०००	अन्य राजस्व	३२,४९,१२१.६८	३२,४९,१२१.६८	२६,३७,९७१.४२	२६,३७,९७१.४२
१५०००	विविध प्राप्ति	०	०	१,८२,८९३.००	१,८२,८९३.००
क	कुल जम्मा प्राप्ति	३१,२२,२८,३२६.७८	३१,२२,२८,३२६.७८	२९,१२,२२,१९६.९१	२९,१२,२२,१९६.९१
३	चालु	२२,९०,७३,२१०.२७	२२,९०,७३,२१०.२७	२१,७२,७५,९७४.३६	२१,७२,७५,९७४.३६
२१०००	पारिश्रमिक / सुविधा	७,०१,८६,६२०.५०	७,०१,८६,६२०.५०	६,०३,७३,०३१.८४	६,०३,७३,०३१.८४
२२०००	मालसामान तथा सेवाको उपयोग	१०,१७,४४,०३०.२५	१०,१७,४४,०३०.२५	८,५७,८६,९५४.६८	८,५७,८६,९५४.६८
२५०००	सहायता (Subsidy)	०	०	१,५५,०६०.००	१,५५,०६०.००
२७०००	सामाजिक सुरक्षा	३५,३६,०३०.००	३५,३६,०३०.००	५६,८६,०९४.००	५६,८६,०९४.००
२८०००	अन्य खर्च	५,३६,०६,५२९.५२	५,३६,०६,५२९.५२	६,५२,७४,८३३.८४	६,५२,७४,८३३.८४
४	पूंजीगत	११,९१,९४,१३९.००	११,९१,९४,१३९.००	८,८३,८३,११३.००	८,८३,८३,११३.००
३१११०	भवन तथा संरचना	१,५९,४५,१२८.००	१,५९,४५,१२८.००	१,५५,४८,६७१.००	१,५५,४८,६७१.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	२१,१६,७९८.००	२१,१६,७९८.००	१,६१,२३,२८९.००	१,६१,२३,२८९.००
३११५०	सार्वजनिक निर्माण	१०,११,३२,२१३.००	१०,११,३२,२१३.००	५,६७,११,१५३.००	५,६७,११,१५३.००
ख)	कुल जम्मा भुक्तानी	३४,८२,६७,३४९.२७	३४,८२,६७,३४९.२७	३०,५६,५९,०८७.३६	३०,५६,५९,०८७.३६
ग)	बचत /कमी (ग = क-ख)	(३,६०,३९,०२२.४९)	(३,६०,३९,०२२.४९)	(१,४४,३६,८९०.४५)	(१,४४,३६,८९०.४५)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	३७,७३,९०८.७८	३७,७३,९०८.७८	१९,४०,०४३.१४	१९,४०,०४३.१४
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	-१४,३९७.४५	-१४,३९७.४५	(३,३५,३३१.००)	(३,३५,३३१.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(३,२२,६५,११३.७१)	(३,२२,६५,११३.७१)	(१,२४,९६,८४७.३१)	(१,२४,९६,८४७.३१)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	७,६६,३४,९१७.६३	७,६६,३४,९१७.६३	८,९१,३०,७०२.९४	८,९१,३०,७०२.९४
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४,४३,६९,८०३.९२	४,४३,६९,८०३.९२	७,६६,३३,८५५.६३	७,६६,३३,८५५.६३

पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणमा सञ्चित कोषको मौज्दात शून्य देखिएकोले एकिकृत आ.वि. मा आश्वश्त हुन सकिएन।

२.१ **वित्तीय विवरणको यथार्थता**-पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु. ९ करोड ५ लाख ५ हजार ८ सय ६ रुपैया, श्रम रोजगार तथा सामाजिक सुरक्षाको रू. ३ लाख र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकासको रू. १ करोड ७ लाख ४६ हजार २ सय ६९ समेत गरी रू. १० करोड १५ लाख ५२ हजार ७ ५

रुपैया सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक हिसाब**- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७२८१०१९.३४, यस वर्षको प्राप्ति रु. १०३९२१५४७.८ यस वर्षको भुक्तानी रु. १४१७५५८९७.१४र बैङ्क मौज्दात रु. ३०५५३३३० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी रु	यसवर्षको प्राप्ति रु	यसवर्षको भुक्तानी रु	बैङ्क मौज्दात रु
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	७६६३४९१७.६३	३१६००२२३५.५६	३४८२६७३४९.२७	४४३६९८०३.९२
एकिकृत आर्थिक विवरणअनुसार	८३९१५९३६.९७	४१९९२३७८३.३६	४९००२३२४६.४१	१३८१६४७३.९२
फरक	७२८१०१९.३४	१०३९२१५४७.८	१४१७५५८९७.१४	-३०५५३३३०

२.३ **फरक जिम्मेवारी**- पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.७७३५७४४५.३१ मौज्दात रहेकोमा यो वर्ष रु. ८३९१५९३६.९७ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६५५८४९१.६६ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको (सुत्रको म.ले.प.फा.२७० को अनुसूची-२४ अनुसार) अनुसार बैङ्क हिसाब मिलान विवरणको स्थिती देहायअनुसार छ:

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी रु	बैंक स्टेटमेण्ट अनुसार बाँकी रु	फरक रु
१	संचित कोष खाता	३०७६१९२३.४५	४२८४४३९.३३	26477484.12
२	धरौटी खाता	१३४३८०२६.९५	१३४३८०२६.९५	०.
४	बिबिध खर्च खाता	१७१६००.९७	पेश नभएको	१७१६००.९७
५	कर्मचारी कल्याण कोष खाता	३७८४४६.९७	पेश नभएको	३७८४४६.९७
	जम्मा	४४७४९९९८.३४	४५३२८१२४.६६	५७८१२६.३२

पेश नभएको विवरण पेश गरी हिसाब मिलान गर्नुपर्दछ।

२.५ **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पालिकाले मिति २०८२ साल श्रावण ७ गते चालु खर्च खाताको रू.२२७८७०१७।८२ र पुँजिगत खाताको रू.२८६०३९७, आन्तरिक राजस्व खाताको रु.१७२५४९२.६२, राजस्व बाँडफाँट खाताको रु.२३०५५१ समेत गरी जम्मा रू.२७६०३४५८.४४ संचित कोष खातामा ट्रान्सफर गरेको विवरण प्राप्त भयो। पालिकाले तोकिएको समयमा रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।

२.६ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू. १४३९७ देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१४,३९७

३ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं २७०) मा फिर्ता गर्न बाँकी संघीय सशर्त अनुदान रु. ३३४७१२९३.०७ मिति २०८२।०५।२३ गतेमा र प्रदेश सरकार सशर्त अनुदान पुँजिगत रु. ७८५५६८ मिति २०८२ ।०३।३० गतेमा फिर्ता गरेको छ ।

४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन् :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,
- पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,
- वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन,
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ। कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ,
- कतिपय सड़क तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ,
- जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ,

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस गरेको पाइएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन,
- पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको पाइएन,
- पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ त्रैमासिक पूँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु ११९१९४१३९ खर्च भएकोमा प्रथम त्रैमासिकमा शुन्य दोस्रो त्रैमासिकमा रु २ करोड ४१ लाख ६८ हजार ७ सय ३९ अर्थात २०.२८ प्रतिशत, तेस्रो त्रैमासिकमा रु २ करोड ५४ लाख ६२ हजार ८ सय २८ अर्थात २१.३६ प्रतिशत र चौथो त्रैमासिकमा रु ६ करोड ९५ लाख ६२ हजार ५ सय ७२ अर्थात ५८.३६ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रु ६ करोड ३ लाख २९ हजार ४३ अर्थात ५०.६१

प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोश्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथौ त्रैमासिक	असार महिना
१	पूँजिगत खर्च	११९१९४१३९	०	२४१६८७३९	२५४६२८२८	६९५६२५७२	६०३२९०४३
	प्रतिशत	१००	०	२०.२८	२१.३६	५८.३६	५०.६१

६ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को वुदाँ नं २.६.८ को (घ) सँग सम्बन्धित अनुसूची ३ मा मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२मा निम्नाअनुसारका कुल ४४० योजनामा वजेट विनियोजन गरेको छ ।

विवरण	५ लाख मुनिको	५ लाख देखि १० लाख सम्मको	१० लाख देखि २० लाख सम्मको	२० लाख भन्दा माथिको	जम्मा
योजना संख्या	२४९	१०१	४२	४८	४४०
जम्मा रकम	३९७५०१८५	६४४४८१८४	५२३३८६१९.४५	२९७५९०७१५	४५४१२७७०३

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा ४४० वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका २४९ वटा योजना छन् जुन कुल योजना संख्याको ५६.५९ प्रतिशत हुन आउँछ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, १ वटा नियमावली, १२ वटा कार्यविधि, १वटा निर्देशिका सहित जम्मा २२ वटा कानुन निर्माण गरी कार्यान्वयननमा ल्याएको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।

१० न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २४ र यो बर्ष थप भएको ७३ गरी कुल ९७ विवाद तथा उजुरी दर्ता भएकोमा यो वर्ष ५१ वटा मात्र फछ्र्यौट भई ४६ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

११ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । त्यस्तै प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१२ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।०३।१० मा रू ४५४१२७७०३.४५ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१० गते नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०६।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी समयमा नै स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्न समयमा अख्तियारी दिएको पाइएन ।

१३ खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ३८०४८३७.२३ राजस्व बाँडफाँड र अनुदानबाट रु. २९४११६३४९.२३ समेत रु २९७९२११८६.४६ आम्दानी भएकोमा चालु तर्फ रु. २२९०७३२१०.२७ र पूँजिगत तर्फ रु ११९१९४१३९ समेत रु ३४८२६७३४९.२७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०९ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु ६४४५८९९ खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.७८ प्रतिशत चालु र ३४.२२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

१४ क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण

स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस गाउँपालिकाको आ.व. २०८१।०८२ मा क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय अनुसार रहेको छ ।

मुख्यक्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	४३८१२८९८	३५०१३९५९	१०.०५
सामाजिक विकास	१६७१२११८५	११४३३०२८०	३२.८३
पूर्वाधार विकास	९६९४९२१८	७३४३२३४२	२१.०९
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	११०८३६००	८५४३४७८.१२	२.४५
कार्यालय सञ्चालन तथा प्रशासनिक	१३५१६०८०२.४५	११६९४७२८९.३४	३३.५८
जम्मा	४५४१२७७०३	३४८२६७३४८	१००

माथि प्रस्तुत तालिका अनुसार गाउँपालिकाले सामाजिक विकासमा सबैभन्दा बढी अर्थात रु. १६७१२११८५, सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा अर्थात रु. ११०८३६०० विनियोजन गरेको छ । कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ३३.५८ प्रतिशत सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम अर्थात २.४५ प्रतिशत खर्च प्रगति भएको छ । यसरी सबैभन्दा बढि बजेट विनियोजन गरेको सामाजिक विकास क्षेत्रको खर्च गर्ने क्षमतामा सुधार गरी अपेक्षित विकासको नतिजा हासिल गर्ने तथा लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनुपर्दछ ।

१५ खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने र नियम ८ अनुसार वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ ।तर पालिकाले वार्षिक खरिद योजना तयार नगरी यस वर्ष रु. ११९१९४१३९।०० को खरिद कार्य गरेको छ। जसले गर्दा ठेक्का व्यवस्थापन नहुने, उपयुक्त समयमा गुणस्तरीय वस्तु तथा सेवा प्राप्ति नहुने, समयमा नै निर्माण कार्य सम्पन्न नहुने र पूँजीगत खर्च पनि वर्षान्तमा अत्याधिक पुगेको देखिन्छ। अतः वार्षिक खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ सेवा प्रवाह सम्बन्धी विवरण

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयहरुको काम,कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्रका जनताहरुलाई छिटो, छरितो तथा मितव्ययि तवरले सेवा प्रवाह गरी स्थानिय स्तरमा सुशासनको प्रत्याभूति हुने गरी सेवा प्रवाह गर्नुपर्दछ तथा सेवा प्रवाहमा वृद्धि गरी अभिलेखिकरण समेत गर्नुपर्दछ । उपलब्ध विवरण अनुसार पालिकाले यस आ.व मा प्रदान गरेको सेवा प्रवाहको स्थिती देहायबमोजिम रहेको छ ।

विवरण	जम्मा संख्या
स्वीकृत घरनक्सा दर्ता पास	३
जन्मदर्ता	५२९
मृत्युदर्ता	१७०
बसाईसराई दर्ता	१४
विवाह दर्ता	२११
सम्बन्धविच्छेद दर्ता	२
ग्राभेल सडक निर्माण	५

१७ म.ले.प. फारमहरूको प्रयोग

साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानिय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ।पालिकाले राजस्व आम्दानीतर्फ म.ले.फा.नं १०५ र १०८ नराखेकोले प्रयोग भएका सबै नगदी रसिद पोष्टिङ्ग र कुन कुन समयमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन ।

१८ समिति गठन

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको पाइएन् । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

१९ विपद् व्यवस्थापन कोष

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकामा विपद् व्यवस्थापन कोष खडा गरी बजेट विनियोजन गरेको देखिएन । पालिकामा हुन सक्ने विपद् न्यूनिकरण तथा व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोष खडा गर्नुपर्ने देखिन्छ ।

२० बार्षिक प्रतिवेदन

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

२१ सहकारी नियमन र विवरण दाखिला

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार २२ वटा सहकारी संस्थाहरु दर्ता भएका छन् । पालिकाभित्रका दर्ता भएका सहकारी संस्थाहरुमध्ये ८ वटा सहकारीहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारीहरुको विवरण अद्यावधिक गरेका छन् । पालिकाबाट पेश भएको विवरणअनुसार पालिकामा दर्ता भएको सहकारीहरुमध्ये बहुउद्देश्यीय सहकारी संस्था ८ र अन्य १४ रहेका छन्। पालिकाले यस वर्ष ५ वटा सहकारीहरुको अनुगमन गरेको देखिन्छ । पालिकाबाट दर्ता भएका सहकारीको नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन। पालिकाभित्र रहेका सहकारीले समष्टिगत प्रतिवेदन नवुझाएको, मासिक प्रगति नवुझाएको, साधारण सभाको जानकारी नगराएको, र साधारण सभाको प्रतिवेदन समेत पठाएको अवस्था छैन। तसर्थ पालिकाले विधमान कानुन र सुचना प्रणालि वमोजिम सवै प्रकारका विवरण दाखिला नगर्ने सहकारी उपर अनुगमन गरी कारवाही गर्नुपर्ने देखिन्छ ।

२२ संगठन संरचना वा दरबन्दी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा पालिका तर्फ १९ र वडा तर्फ १० जना गरी कुल दरबन्दी २९ स्वीकृत रहेकोमा

प्रमुख प्रशासकीय अधिकृत सहित १४ जना पदपूर्ती भएको देखिन्छ। प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, लेखा अधिकृत सहित १५ पदहरु रिक्त रहेकोमा प्रदेश लोकसेवा आयोगमा माग गरेको पालिकाले जनाएको छ।पालिकाले दरबन्दी हालसम्म प्रदेश निजामनी किताबखानामा दर्ता गरेको छैन ।

२३ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। पालिकाले हालसम्म अतिक्रमित सरकारी ऐलानी जग्गा मध्ये ४३-१३-७-० बिघा क्षेत्रफल नवराजपुर गाउँपालिका मातहत ल्याएको विवरण पेश गरेको छ र यस कार्यलाई पालिकाले निरन्तरता दिनुपर्दछ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

२४ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका ६८ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.३ करोड ६२ लाख ९१ हजार ५ सय वजेट घट गरी कुल ७१ वटा योजना तथा कार्यक्रममा रु.१० करोड ६ लाख ८३ हजार ४ सय ९३ थप रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेट रु. ४५ करोड ४१ लाख २७ हजार ७ सय ३ को तुलनामा २२.१७ प्रतिशत हुन आउँछ । पालिकाले चालु शीर्षकका ४८ वटा योजना तथा कार्यक्रममा विनियोजन भएको रु.१ करोड ६६ लाख १७ हजार ५ सय वजेट घट गरी कुल ३७ वटा योजना तथा कार्यक्रममा रु.७ करोड ९२ लाख २९ हजार ४ सय ९३ थप रकमान्तर गरेको छ । यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२५ आयोजना बैंक

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैँक बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२६ धरौटी

पालिकाले गतवर्षको धरौटी अल्या रु. ९२,६२,०५२.००, यो वर्षको प्राप्त धरौटी आम्दानी रु ५८,७३,४२७.९५ समेत जम्मा आम्दानी रु. १,५१,३५,४७९.९५.भएको मध्ये फिर्ता रु. १६,९७,४५३ गरी बाँकी धरौटी रु १,३४,३८,०२६.९५ रहेको देखिन्छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन:

२६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले धरौटी खातामा गत विगत वर्षको बैंक नगदी अनुसार मौज्दात रहेको रु. ९२,६२,०५२।०० जिम्मेवारी सार्दा व्यक्तिगत धरौटी खाता अनुसार नामनामेसी खुलाई अल्या गर्नुपर्दछ । पालिकाले गत वर्षको धरौटी रकम अल्या गर्दा रु. ४४२१७।०० धरौटी नामनामेसी खुलाएको देखिएन । पालिकाले नामनामेसी नखुलाई अल्या गरेको धरौटीको

सम्वन्धमा यकिन गरी प्रयोजन समाप्त भएको र नामनामेसी नखुलेको धरौटी रकम नियमावलीको नियम ६६ बमोजिम व्यक्ति/फर्मको अभिलेख रुजु भएमा धरौटी फिर्ता दिनुपर्ने अथवा नियम ६८ बमोजिमको धरौटी रकम राजस्व खातामा आम्दानी बाध्नुपर्दछ।

२६.२ **धरौटी रकम फिर्ताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६ बमोजिम कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ बमोजिम जफत वा कट्टा नहुने वा नियम ६७ बमोजिम राजस्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउनेछ । उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनुपर्नेछ । पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा रु. १६,९७,४५३ धरौटी फिर्ता गरेको छ। पालिकाले धरौटी रकम फिर्ता गर्दा धरौटी रकम जम्मा गरेको बैकं भौचर, निवेदन पेश गरेको आधारमा धरौटी फिर्ता गर्नुपर्दछ।

२७ **पेश्की**

२७.१ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको मितिले १५ दिनभित्र खर्च प्रमाणित गर्न आवस्यक बील भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्ने र कार्यालयले प्राप्त भएको सातदिनभित्र पेश्की फछर्यौट गर्नुपर्ने उल्लेख छ साथै सोही नियमावलीको नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट सिर्जित म ले प फा नं २११ अनुसार गत आ.व. सम्मको पेश्की रु. ६२,४२,०००.०० बाँकी देखिएको छ भने यस वर्ष म्याद नाघेको रु. २२६०३७३।०० समेत कुल पेश्की रु. ८५,०२,३७३.०० बाँकी देखिएको छ। गत विगत वर्षदेखिको पेश्कीको एकीकृत अभिलेख व्यवस्थित गरी यो वर्ष दिएको म्याद नाघेको पेश्की नियमानुसार फछर्यौट गर्नुपर्ने रु.

पेश्की लिएको मिति	गौ भौ नं	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको	म्याद नाघेको
१०/०३/२०८१	२७०	बिमा तथा नवीकरण खर्च	रमेश कुमार यादव	०	५०००००
११/२९/२०८१	४३८	पारिश्रमिक कर्मचारी	घुरन यादव	०	१४००००
११/२९/२०८१	४४३	विविध खर्च	राम सागर राम	०	१०००००
०३/१९/२०८२	२३	कृषि विद्युत महशुल भुक्तानी अनुदान कार्यक्रम	हरिनारायण यादव		२८७३७३
१२/२७/२०८१	८४	नवराजपुर गा.पा. अन्तर्गत खानेपानी ट्युबेल जडान कार्य	बिबेक मर्केन्डाइज एण्ड कन्सल्ट प्रा.लि.	०	१००००००
०७/१२/२०८१	७३	गा.पा. अध्यक्षको सचिवालय संचालन खर्च	संजीव कुमार यादव	०	२०००००
१२/०६/२०८१	४५०	विविध खर्च	सिपु कुमार यादव	०	१५०००
०१/१९/२०८२	५६१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	कृष्ण कुमार यादव	०	१८०००
जम्मा				०	२२६०३७३

पेश्की	२२,६०,३७३

२७.२

गत वर्ष सम्मको म्याद नाघेको पेश्कीको फछौंट र सम्परीक्षण- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७ मा पेश्की दिने र फछौंट गर्ने सम्बन्धी व्यवस्था गरिएको छ। सुत्रको अभिलेख अनुसार गत आ.व सम्म म्याद नाघेको अल्या पेश्की तर्फ विभिन्न व्यक्ति,संस्था र फर्महरुको नाममा रु. ६२,४२,०००.०० फछौंट गर्न बाकी रहेको देखिएको छ । यसरी लामो समय देखि सुत्रमा पेश्की अल्या हुँदै आएको सम्बन्धमा पालिकाले थप एकिन गरी फछौंट भईसकेको भएमा सोही अनुसार पेश्की बाँकीको अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ। श्रेस्ता अनुसार पेश्की फछ्यौंट भईसकेको अवस्थामा समेत विगतमा कायम भएको पेश्की बेरुजु यथावत रहिरहने हुँदा नियमानुसार सम्परीक्षण गरी पेश्की बाँकीको विवरण अद्यावधिक गर्नुपर्दछ। सूत्र बाहिरको पेश्की समेत रहे नरहेको पालिकाले यकिन गरी समयमा फर्स्यौंट गरिनुपर्दछ।

२८ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२९ उपभोक्ता समिति मार्फत कृषि सिचाईको लागि विद्युतिकरण कार्य

पालिकाले ६६ स्थानमा विद्युत पोल जडान गर्न जनसहभागिताको अंश १० प्रतिशत रहने गरी कुल लागत अनुमान रु ३२०५२५३।५१ तयार गरी मिति २०८२।०३।१५ सम्मा सम्पन्न हुने गरी मिति २०८२।०२।१४ मा उ स सँग सम्झौता गरेको छ। पालिकाले मिति २०८२।०३।२५ मा गो भौ नं १५ प्रदेश पुजिगतबाट रु २६६२२२० भुक्तानी दिएको छ । यस सम्बन्धी देखिएका बेहोरा यस प्रकार छन् :

- आर्थिक कार्यविधि र वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्नेछ। उ स ले यस कार्यको लागि टेलिकन्स्ट्रक्ट डेभलपर्स प्रा लि ललितपुरबाट रु २३४७६३३।२२ को खरिद बिल पेश गरेको छ। दुरी अनुसार ढुवानी खर्च लाग्ने हुनाले सो बिल सम्बन्धमा आश्वस्त हुन सकिएन।
- उपभोक्ता समिति गठन परिचालन व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० को दफा १२ (५) अनुसार आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहबरमा तोकिए बमोजिम सार्वजनिक परीक्षण गर्नु पर्ने भए पनि सार्वजनिक परीक्षण प्रतिवेदन संलग्न छैन। अनुगमन समितिको प्रतिवेदन पनि संलग्न गरेको छैन। पालिकाले ६६ स्थानमा पोल जडान गर्ने भने पनि स्थान नतोकिएको हरेक वर्ष यस कार्यको धेरै योजना संचालन हुने गरेकोले GPS कोड सहितको कार्य योजना र सम्पन्न प्रतिवेदन तयार गर्नुपर्छ।

३० बिमा नगराएको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु.२० लाख भन्दा माथिको काम गराउँदा र नियमावलीको नियम ११२ मा निर्माण ब्यबसायीले अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । नमूना विधिबाट छनौट गरी हेर्दा कार्यालयले उपभोक्ता समितिबाट रु.२० लाख भन्दा माथिको देहाय बमोजिमको निर्माण कार्य गरेतापनि अनिवार्य बीमा गरेको पाइएन ।अतः कार्यालयले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

गो.भौ.नं./ मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान	भुक्तानी रकम	कैफियत
७।०८१।७।१२	आर सि सि ढलान कार्य	वडा नं ५ को आर सि सि ढलान	२७०२२७३	२२९२३००	बीमा नभएको
५।०८१।७।१२	आर सि सि ढलान कार्य	वडा नं २ को आर सि सि ढलान	२६९८२९९	२०९११४८	बीमा नभएको

३१ सार्वजनिक परीक्षण र अनुगमन

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० को दफा १२ को उपदफा ४ बमोजिम आयोजनाको अन्तिम भुक्तानी हुनुभन्दा अगावै कार्यालयबाट अनिवार्य अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने र उपदफा ५ बमोजिम आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहबरमा सार्वजनिक परीक्षण गराउनुपर्नेछ भनी उल्लेख भएकोमा उपभोक्ता समितिबाट सम्पन्न भएका योजनाहरुको अनुगमन र सार्वजनिक परीक्षण भएको देखिएन । कार्यविधि बमोजिम नियमको कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३२ जटिल संरचना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ओभरहेड खानेपानी टंकी निर्माण, भूमीगत सिंचाई, सडक ढलान, डिप बोरिङ्ग, आर.सि.सी.ढलान कल्भर्ट, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो.भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	जम्मा खर्च
२२७।०८२।३।२५	देवगाउँ हुदै फुलवरीया जाने बाटोमा माटो ग्राभेल तथा ह्युम पाइप जडान	बाटो निर्माणमा जे.सि.बी. को रु. २२६२२६ भर्पाई पेश	५६५४००
१३।०८१।७।२९	सामादायिक भवन निर्माण गरुवाहा उ स	वडा नं १ मा सामुदायिक भवन निर्माण	१८,३५,५२७
७।०८१।७।१२	आर सि सि ढलान कार्य	वडा नं ५ को आर सि सि ढलान	२२९२३००
५।०८१।७।१२	आर सि सि ढलान कार्य	वडा नं २ को आर सि सि ढलान	२०९११४८

३३ उपभोक्ता समिति मार्फत स्योलो ट्युबेल डिप बोरिङ्ग जडान कार्य

पालिकाले १२२ स्थानमा ट्युबेल जडान गर्न जनसहभागिताको अंश १० प्रतिशत रहने गरी कुल लागत अनुमान रु ४४९९६६६।८७ तयार गरी मिति २०८२।०२।१५ सम्मा सम्पन्न हुने गरी मिति २०८१।१२।१२ मा उ स सँग सम्झौता गरेको छ। पालिकाले मिति २०८२।०१।२५ मा गो भौ नं २ प्रदेश पुजिगतबाट रु १०००००० पेश्की मिति २०८२।०२।०८ मा गो भौ नं ५ प्रदेश पुजिगतबाट रु १०४३२१७ (रु २००००० पेश्की फछ्यौंट समेत) मिति २०८२।०३।२५ मा गो भौ नं १३ प्रदेश पुजिगतबाट रु ३२३५६६९ (रु ८००००० पेश्की फछ्यौंट समेत) भुक्तानी दिएको छ। उपभोक्ता समिति गठन परिचालन व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० को दफा १२ (५) अनुसार आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहबरमा तोकिए बमोजिम सार्वजनिक परीक्षण गर्नु पर्नेछ। संलग्न कार्य सम्पन्न प्रतिवेदन र बिलमा १३७ स्थानमा रु ४९००१२५।५२ कार्य सम्पन्न उल्लेख रहेको छ। फाईलमा सार्वजनिक परीक्षण प्रतिवेदन र अनुगमन समितिको प्रतिवेदन समेत संलग्न गरेको छैन। हरेक वर्ष यस कार्यको धेरै योजना संचालन हुने गरेकोले दीर्घकालिन योजना बनाई क्रमागत रुपमा GPS कोड सहितको कार्य योजना र सम्पन्न प्रतिवेदन समेत तयार गर्नुपर्छ।

३४ वडा नं २ मा आर सि सि ढलान

यस निर्माण कार्यको लागि पालिकाले जनसहभागिताको अंश १० प्रतिशत रहने गरी कुल लागत अनुमान रु २६९८२९९।५२ तयार गरी मिति २०८१।०३।१५ सम्मा सम्पन्न हुने गरी मिति २०८१।०२।१६ मा उ स सँग सम्झौता गरेको छ। पालिकाले मिति २०८१।०७।१२ मा गो भौ नं ५ बाट रु २०९११४८ भुक्तानी दिएको छ । यस सम्बन्धी देखिएका बेहोरा यस प्रकार छन् :

- आर्थिक कार्यविधि र वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्नेछ। ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा ५ अनुसार खानीबाट ढुंगा गिट्टी बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा संकलन गर्ने कार्य प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट अनुमति लिई गर्नु पर्नेछ। उ स ले रु ४८७०५० को ग्राभेल ढुंगा वालुवा व्यक्तिबाट खरिद गरी भर्पाई पेश गरेको कार्य नियम सम्मत देखिएन।
- उपभोक्ता समिति गठन परिचालन व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० को दफा १२ (५) अनुसार आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहबरमा तोकिए बमोजिम सार्वजनिक परीक्षण गर्नु पर्नेछ। संलग्न फारममा कसैको उपस्थिति नरहे पनि वडा अध्यक्षमात्रको सही रहेकोले कार्यविधिको व्यवस्था अनुसार सार्वजनिक परीक्षण गर्नुपर्छ।

३५ वडा नं ५ मा आर सि सि ढलान

यस निर्माण कार्यको लागि पालिकाले जनसहभागिताको अंश १० प्रतिशत रहने गरी कुल लागत अनुमान रु २७०२२७३।२२ तयार गरी मिति २०८१।०३।१५ सम्मा सम्पन्न हुने गरी मिति २०८१।०२।११ मा उ स सँग सम्झौता गरेको छ। पालिकाले मिति २०८१।०७।१२ मा गो भौ नं ७ बाट रु २२९२३०० भुक्तानी दिएको छ । यस सम्बन्धी देखिएका बेहोरा यस प्रकार छन्

- आर्थिक कार्यविधि र वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्नेछ। ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुदा ५ अनुसार खानीबाट ढुंगा गिट्टी बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा संकलन गर्ने कार्य प्रचलित कानुन बमोजिम तोकिएको निकायबाट अनुमति लिई गर्नु पर्नेछ। उ स ले रु ६९९७०० को ग्राभेल ढुंगा वालुवा व्यक्तिबाट खरिद गरी भर्पाई पेश गरेको कार्य नियम सम्मत देखिएन।
- उपभोक्ता समिति गठन परिचालन व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० को दफा १२ (५) अनुसार आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहबरमा तोकिए बमोजिम सार्वजनिक परीक्षण गर्नु पर्नेछ। संलग्न फारममा खर्चको विवरण नरहेको कसैको उपस्थिति नरहे पनि वडा अध्यक्षमात्रको सही रहेको छ।
- अनुगमन समितिको प्रतिवेदनमा संयोजकको दस्तखत नरहेकोले रीतपूर्वक प्रतिवेदन गर्नुपर्छ।

३६ गा.पा. अन्तर्गत कृषि सिचाईको लागि डिप बोरिङ्ग जडान कार्य(NRM/NCB/WORKS/2081/82-01)

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्नेछ। यस सिचाई कार्यको लागि पालिकाले मिति २०८१।०६।०७ मा रेश्मा डिप बोरिङ्ग ट्युबेल उद्योगसँग रु १०९७०७६५।८१ रकममा मिति २०८२।०२।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८१।१०।१५ मा गो भौ नं ४५ गा पा पुजिगत बाट रु ४०८७६०३ र मिति २०८२।०३।२५ मा गो भौ नं १५ बाट रु ५९०१३४६ भुक्तानी दिएको छ।कार्य स्वीकार प्रतिवेदन संलग्न नरहेको र म्याद थपको निर्णय पनि संलग्न नरहेकोले योजनाको प्रगति सम्बन्धमा यकिन हुन सकेन। यस्ता कार्यक्रम संचालन गर्दा आवश्यकता पहिचान गरी योजनाबद्ध तरिकाले लाभग्राही र स्थान एकिन हुन GPS प्रविधि समेत प्रयोग गर्न उपयुक्त देखिन्छ।

३७ वडा नं १ र ५ मा कृषि सिचाईको लागि डिप बोरिङ्ग जडान कार्य (NRM/NCB/WORKS/2080/81-03)

यस सिचाई कार्यको लागि पालिकाले मिति २०८०।०९।२५ मा एकता ड्रिलिङ्ग प्रा लि सँग रु ७३३६०२६।७२ रकममा मिति २०८१।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। समयमा सम्पन्न नभएकोले ठेक्का अवधि मिति २०८१।०६।१५ सम्म थप भएको छ। यस आ.व. मा पालिकाले मिति २०८१।१०।३० मा गो भौ नं ५० गा पा पुजिगत बाट रु २६४१४४८ भुक्तानी दिएको छ। यस प्रकारको कार्यक्रम संचालन गर्दा दोहोरोपन हुन नदिन आवश्यकता पहिचान गरी योजनाबद्ध तरिकाले लाभग्राही र स्थान एकिन हुन GPS प्रविधि समेत प्रयोग गर्न उपयुक्त देखिन्छ।

३८ **वडा नं १ र ५ मा कृषि सिचाईको लागि डिप बोरिङ्ग जडान कार्य (NRM/NCB/WORKS/2080/81-05)**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्नेछ। वडा १ र ५ मा MS Fitting for outlet and inlet कार्यको लागि पालिकाले मिति २०८१।०२।११ मा एकता ड्रिलिङ्ग प्रा लि सँग रु २३४१८०७।३८ रकममा मिति २०८१।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८१।१०।३० मा गो भौ नं ५२ बाट रु ५०११०५ भुक्तानी दिएको छ। समयमा निर्माण सम्पन्न नभए पनि म्याद थप सम्बन्धी कागजात लेखापरीक्षणको क्रममा पेश नभएकोले पेश गर्नुपर्छ। यस प्रकारको कार्यक्रम संचालन गर्दा दोहोरोपन हुन नदिन आवश्यकता पहिचान गरी योजनाबद्ध तरिकाले लाभग्राही र स्थान एकिन हुन GPS प्रविधि समेत प्रयोग गर्न उपयुक्त देखिन्छ।

३९ **गा पा अन्तर्गत डीप बोरिङ्ग स्थानमा विद्युतिकरण कार्य(NRM/NCB/WORKS/2081/82-02)**

वडा नं १, २, ३ र ५ मा विद्युतिकरण कार्यको लागि पालिकाले रु ६७४२८३८।८३ को लागत अनुमान तयार गरी मिति २०८१।०६।२० मा निवोसिस इन्कन जे भि सँग रु ५१४६६६३।५२ रकममा मिति २०८२।०२।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८१।११।२१ मा गो भौ नं ६७ गा पा पुजिगत बाट रु २३००००० र मिति २०८२।०३।२५ मा गो भौ नं ३ संघ पुजिगत बाट रु २८३४१६५ गरी रु ५१३४१६५ भुक्तानी दिएको छ। कार्य स्वीकार प्रतिवेन संलग्न नरहेको र म्याद थपको निर्णय पनि संलग्न नरहेकोले योजनाको प्रगति सम्बन्धमा यकिन गर्न सकिएन।

४० **विपन्न परिवारको आवास निर्माण (NRM/NCB/WORKS/2081/82-06)**

यस निर्माण कार्यको लागि पालिकाले रु ३५८६५७७।४७ को लागत अनुमान तयार गरी मिति २०८२।०२।११ मा सफलता इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सनसँग रु ३१६८३६०।६६ रकममा मिति २०८२।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८२।०३।१४ मा गो भौ नं १३७ गा पा पुजिगत बाट रु १०२९०४६ भुक्तानी दिएको छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्

- मिति २०८२।०३।०२ को टिप्पणीमा वडा ४ को भवन मर्मत कार्यको लागि भुक्तानी दिने निर्णय भएकोले खर्च शीर्षक अनुसार खर्च गरेको देखिएन।
- मिति २०८२।०३।१० को ठेक्का बिल अनुसार रु १०२३७९१।४२ को कार्य सम्पन्न उल्लेख रहेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.
- लाभग्राहि छनौटका आधार निर्णय लगायत सम्झौता कार्यादेश कार्य सम्पादन जमानत पेश नभएकोले उक्त कागजातहरु पेश गर्नुपर्छ।
- समयमा निर्माण सम्पन्न नभए पनि म्याद थप सम्बन्धी कागजात पेश नभएकोले पेश गर्नुपर्छ।

असुल गर्नुपर्ने	५,२५५

४१ **गाउँपालिका प्रशासकिय भवन निर्माण (NRB/NCB/WORKS/2079/80-13)**

यस भवन निर्माणको लागि पालिकाले मिति २०८०।०८।२४ मा आर डी उदय जे भि सँग रु ४९६८१०९६।५९ मा मिति २०८३।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८१।०८।०६ मा गो भौ नं २३ गा पा पुजिगत बाट रु ४९९९१२०; मिति २०८२।०१।३० मा गो भौ नं १ स्थानीय पुर्वाधार विकास बाट रु २९२२१८० र मिति २०८२।०३।२२ मा गो भौ नं १० स्थानीय पुर्वाधार विकास बाट रु ६६१५९१७ भुक्तानी दिएको छ। यस आ व अन्त सम्ममा रु २१५४५२१७ भुक्तानी भएकोले वित्तिय प्रगति ४३।३७ प्रतिशत रहेको छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्

- आ रा का को अभिलेख अनुसार व्यवसायीको मु अ कर स्थगन गरिएको छ भने आय विवरण पनि पेश भएको छैन।
- सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद सम्झौता गर्दा र अग्रिम पेश्की दिँदा बैंक जमानत लिनुपर्ने उल्लेख छ। व्यवसायीले खरिद सम्झौता गर्दा कार्य सम्पादन जमानत वापत PB0045/0032/7427/2023 रु ६१२३६१४ रकमको पेश गरेको छ। कार्यालयले उक्त जमानत रुजु नगरेको र अनलाईन रुजु गर्दा अभिलेख नदेखिएकोले जमानत रुजु भएको प्रमाण पेश गर्नुपर्ने रु.
- कार्यतालिका अनुसार कार्य प्रगति सुनिश्चित हुनुपर्दछ।

प्रमाण पेश नगरेको	६१,२३,६१४

४२ **गा पा अन्तर्गत विद्युतिकरण कार्य(NRM/NCB/WORKS/2081/82-04)**

यस विद्युतिकरण कार्यको लागि पालिकाले रु १६९५१५५७।१७ को लागत अनुमान तयार गरी मिति २०८१।०६।३० मा ऋषभ कन्स्ट्रक्सनसँग रु १०६६८१६६।४९ रकममा मिति २०८२।०२।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ.व. मा पालिकाले मिति २०८१।११।०६ मा गो भौ नं ५६ गा पा पुजिगतबाट रु १३६८९९५; मिति २०८२।०२।२१ मा गो भौ नं १०८ गा.पा. पुजिगतबाट रु २९३६८४६; मिति २०८२।०३।२१ मा गो भौ नं १६३ गा.पा. पुजिगतबाट रु २६००००० र मिति २०८२।०३।२४ मा गो भौ नं २१३ गा पा पुजिगत बाट रु १७७७८०० गरी रु ८६८३६४१ भुक्तानी गरेकोले वित्तिय प्रगति ८१।४० रहेको छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) बमोजिम सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चित नभई बोलपत्र आवहान गर्नुहुदैन। मिति २०८१।११।१८ मा बसेको कार्यपालिकाको बैठकले पुर्व निर्धारित स्थानहरुमा विवादका कारण स्थान परिवर्तन गर्नुपर्दा लागत अनुमान परिमार्जित गरी रु २०२५११२०।४० भएको र शुरु सम्झौता रकमको २२।३३ प्रतिशत बढी रु १३०५०३१२।८६ मा भेरिएसन आदेश स्वीकृत गरी सम्झौता रकम संशोधन गरेको छ। स्थान एकिन नगरी ठेक्का आब्हान गरेको कार्य नियमसम्मत भएन।
- समयमा निर्माण सम्पन्न नभए पनि म्याद थप सम्बन्धी कागजात लेखापरीक्षणको क्रममा पेश नभएकोले पेश गर्नुपर्छ।

४३ **ट्युबेल खरिद तथा जडान कार्य(NRM/NCB/WORKS/2081/82-03)**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्नेछ।पालिकाले ३१७ स्थानमा जडान कार्यको लागि रु १२४९७०३३।६२ को लागत अनुमान तयार गरी मिति २०८१।०७।०७ मा विवेक मर्केन्डाइज एण्ड कन्सल्ट प्रा लि सँग रु ७००६३२५।२० रकममा मिति २०८२।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। समयमा सम्पन्न हुन नसके पछि मिति २०८२।०६।२४ को निर्णयानुसार मिति २०८२।१०।१५ सम्म म्याद थप भएको छ। यस आ व मा पालिकाले मिति २०८१।१२।२७ मा गो भौ नं ८४ गा पा पुजिगत बाट रु १०००००० पेश्की दिएको छ। यस प्रकारको कार्यक्रम संचालन गर्दा

आवश्यकता पहिचान गरी योजनाबद्ध तरिकाले लाभग्राही र स्थान एकिन हुन GPS प्रविधि समेत प्रयोग गर्न उपयुक्त देखिन्छ।साथै नियमावलीको व्यवस्था बमोजिम समयमा म्याद थपको निर्णय गर्नुपर्छ।

४४ **रमेश महत्तो स्मृति पार्क NRM/NCB/WORKS/2080/81-02**

यस निर्माण कार्यको लागि पालिकाले मिति २०८०।०८।१९ मा मोडरन सिभिल इन्जिनियरिङ्ग कन्स्ट्रक्सनसँग रु २७५७५६६।८३ रकममा मिति २०८१।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८१।१०।१४ मा गो भौ नं ४१ गा पा पुजिगत बाट रु २४१६०३७ भुक्तानी दिएको छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्

- सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (४) अनुसार छनोट भएको बोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उपनियम (४) बमोजिमको मान्य अवधिको कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नु पर्नेछ। व्यवसायीले जमानत वापत रु १३७००० पेश गर्नुपर्नेमा रु ७२००० नगद एन एम बि बैंकमा मिति २०८०।०८।१४ मा जम्मा गरेकोले नपुग रकमको प्रमाण पेश गर्नुपर्ने अन्यथा व्याज सहित असुल हुनुपर्ने रु.
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ को उपनियम (१) अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिस दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ । हालसम्म पनि निर्माण व्यवसायीले उक्त व्यवस्था बमोजिम सार्वजनिक निकायमा नक्शा पेश गरेको छैन ।
- उक्त ठेक्काको अन्तिम भुक्तानी नहुँदै रमेश महतो स्मृति पार्कमा थप निर्माण कार्यको लागि रु ९९९१४६।७० लागत अनुमान तयार गरी मिति २०८१।०८।१८ मा सुर्या कन्स्ट्रक्सनसँग रु ९६६७७५।०२ रकममा मिति २०८१।१२।१८ सम्म सम्पन्न हुने गरी सम्झौता गरेको देखिन्छ। पहिलो ठेक्काको फर-फारक नभई अर्को ठेक्का सुरु गर्दा ठेक्का व्यवस्थापन प्रभावकारी हुँदैन।

असुल गर्नुपर्ने	६५,०००

४५ **वृद्धाश्रम निर्माण (NRM/NCB/WORKS/2080/81-01)**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ को उपनियम (१) अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिस दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ। यस निर्माण कार्यको लागि पालिकाले मिति २०८०।०८।१७ मा अमरावती निर्माण सेवासँग रु २७३९६३८।३९ रकममा मिति २०८१।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले अन्तिम बिल मिति २०८१।१०।१४ मा गो भौ नं ४३ गा पा पुजिगत बाट रु १९३४४३६ भुक्तानी दिएको छ। हालसम्म पनि निर्माण व्यवसायीले उक्त व्यवस्था बमोजिम सार्वजनिक निकायमा नक्शा पेश नगरेकोले नक्शा पेश गर्नुपर्छ।

४६ **सडक मर्मत (NRM/NCB/WORKS/2080/81-06)**

यस मर्मत कार्यको लागि सडक बोर्डले ८० प्रतिशत र पालिकाको २० प्रतिशत सहभागिता रहने गरी रु ३७६४६७९।२५ को लागत अनुमान तयार गरी मिति २०८०।०८।१७ मा रिधिमा कन्स्ट्रक्सनसँग रु २०३४७९६।५० रकममा मिति २०८१।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८१।०८।०३ मा गो भौ नं २ सडक बोर्ड बाट रु १३४२६४८, मिति २०८१।०८।०६ मा गो भौ नं ३ सडक बोर्ड बाट रु १६०००० र मिति २०८१।०८।०६ मा गो भौ नं २५ पालिका पुजिगतबाट रु ३७५००० गरी रु १८७७६४८ भुक्तानी दिएको छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन् :

- अनुगमन समितिको प्रतिवेदनमा संयोजकको दस्तखत नरहेकोले कार्य प्रगति र गुणस्तर सम्बन्धमा यकिन हुन सकिएन।
- उक्त कार्यको लागि सडक बोर्डसँग स्वीकृति लिएको पत्र पेश नभएकोले उक्त कार्यको स्वीकृति पेश गर्नुपर्छ।

४७ **कृषि खाद्यान्न स्टोर रुम (NRM/NCB/WORKS/2079/80-08)**

हरेक वडामा कृषि खाद्यान्न स्टोर रुम निर्माण कार्यको लागि पालिकाले मिति २०८०।०१।०६ मा अंकित कन्स्ट्रक्सनसँग रु ९८६३३२५।३३ रकममा मिति २०८१।०३।१५ सम्ममा सम्पन्न हुने गरी ठेक्का सम्झौता गरेको छ। यस आ व मा पालिकाले मिति २०८१।१०।१४ मा गो भौ नं ७१ गा पा पुजिगत बाट रु ७३९००० र मिति २०८१।११।२० मा गो भौ नं ६३ गा पा पुजिगत बाट रु १२६०००० को पेश्की समायोजन सहित रु ३२५३९८६ भुक्तानी दिएको छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्

- अनुगमन समितिको प्रतिवेदनमा संयोजकको दस्तखत नरहेकोले कार्य प्रगति र गुणस्तर सम्बन्धमा यकिन हुन सकेन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ को उपनियम (१) अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिस दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको नक्शा सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ। हालसम्म पनि निर्माण व्यवसायीले उक्त व्यवस्था बमोजिम सार्वजनिक निकायमा नक्शा पेश नगरेकोले नक्सा पेश गर्नुपर्छ।

४८ कर बोजकमा पि एस रकम

आर्थिक कार्यविधि र वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्नेछ। यस आर्थिक वर्षमा पालिकाले भुक्तानी गरेको देहायका व्यवसायीले कर बीजक जारी गर्दा पि एस रकम समावेश नगरेको कार्य उचित देखिएन। पि.एस्. रकम कर बिजकमा समावेश गर्नुपर्दछ :

ठेक्का विवरण	व्यवसायी	पि एस रकम
NRM/NCB/WORKS/2081/82-01	रेश्मा डिप बोरिङ्ग ट्युबेल उद्योग	७३४५०
NRM/NCB/WORKS/2080/81-03	एकता ड्रिलिङ्ग प्रा लि	३३०२६
NRM/NCB/WORKS/2080/81-05	एकता ड्रिलिङ्ग प्रा लि	८५८२।९०
NRM/NCB/WORKS/2081/82-05	आर्यन कन्स्ट्रक्सन	१२९२७

४९ भ्रमण अभिलेख एवं प्रतिबेदन

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउँमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ। नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी पालिका चालु तर्फ भ्रमण खर्चमा रू.१४८७३०० र अन्य भ्रमण खर्चमा रू.७०५०० खर्च लेखेको देखिन्छ। अधिकाश भ्रमण तथा अनुगमन खर्चमा म.ले.प. फारम नं बमोजिमको ढाँचामा प्रतिवेदन समावेश गरेको छैन। भ्रमण प्रतिवेदनमा भ्रमणको उद्देश्य र सो बमोजिम प्राप्त उपलब्धी जस्ता बिषयबस्तु समावेश नगरी केबल अवधी र स्थान तथा कार्यालयको कामकाज उल्लेख गरेको पाइयो। नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५० औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा २५ लाख रुपैयाँ सम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान प्राप्त गर्नुपर्ने व्यवस्था छ। पालिकाले लागत अनुमान तयार गर्दा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित मूल्य सुची, गतवर्षको खरिद दर प्रचलित बजार भाउ समेतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख गरेकोमा ३ वटा सप्लायर्सबाट खुला दरभाउ माग गरि औषत निकाली लागत अनुमान तयार गरेको छ। नियमावलीको व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्नुपर्दछ।औषधीको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि वाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा

सो विषय सम्झौतामा उल्लेख गरी औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा सो गरेको देखिएन। यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ। यस सम्बन्धी देखिएका व्यहोराहरू देहाय अनुसार छन्:

गो.भौ.न. र मिति	शिर्षक	विवरण	सप्लार्यस	रकम
०३/०९/२००९	औषधी तथा सर्जिकल सामग्री खरिद	पशु औषधी खरिद	B AND B VETS PHARMA	४९९१९०
२०/ ०२ / ३०	कृषिजन्य औषधी तथा विषादी खरिद	विषादी खरिद	दिपेन्द्र एग्रोभेट	२९१३७५
११/०९/२००६	प्राथमिक स्वास्थ्य केन्द्रको प्रयोगशाला केमिकल खरिद	केमिकल सामग्री खरिद	पब्लिक मेडिको ग्रुप प्रा.लि.	४८२३२५

- औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा खरिद भई मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थिति तर्फ पालिकाको ध्यान जानु पर्दछ। पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधीजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयता, उपयोग र भण्डारणलाई विशेष ध्यान दिनुपर्दछ।
- निशुल्क वितरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन।

५१ शिर्षक परिवर्तन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालुतर्फ निम्न शिर्षक परिवर्तन गरी खर्च गरेको देखिन्छ। पालिकाबाट सम्बन्धित शिर्षकबाट मात्र खर्च गर्नुपर्नेमा नियमावलीको पालना नगरी पालिका चालु खर्च तर्फ फरक शिर्षकबाट भएको खर्च नियमसंगत नदेखिएको रु.

गो.भौ.न/ मिति	हुनुपर्ने शिर्षक	भुक्तानी भएको शिर्षक	रकम
७००/ ०३ / १५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन	कार्यालय सञ्चालन तथा व्यवस्थापन	१५३०००
८७५/ ०३ / ०५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन	ईन्धन कार्यालय प्रयोजन	५००००
८६५/ ०३ / २५	मसलन्द तथा कार्यालय सामग्री	सवारी साधन मर्मत खर्च र विविध खर्च	९०००००
८५७/ ०३ / २५	औषधी खरिद	विविध खर्च	४९९९९४
जम्मा			१६०२९९४

अनियमित भएको	१६,०२,९९४

५२ अन्य कार्यालयको खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले संघ र प्रदेश अन्तर्गतका विभिन्न

निकायहरुको यस आर्थिक वर्षमा चालु प्रकृतिका खर्चहरु भुक्तानी गरेको देखिन्छ। पालिकाले भुक्तानी गरेको देहायका निकायहरुको खर्च निमयसंगत नदेखिएको रू.

गोश्वारा भौचर र मिति	सरकारी निकायको नाम	विवरण	रकम
६५०/०३/०१	मालपोत कार्यालय लहान	कार्यालय सञ्चालन खर्च	३००००
७५२/०३/२०	इलाका प्रहरी कार्यालय	सवारी साधन मर्मत	८०९००
जम्मा			११०९००

अनियमित भएको	१,१०,९००

५३ झुल खरिद

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्याक्तिले सरकारी रकम खर्च गर्नु अधि त्यस्तो खर्च गर्न वा भुक्तानी गर्न आवश्यक विल भरपाई वा कागजात संल्गन भए नभएको तथा संल्गन कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले जेष्ठ नागरिक, दलित र विधवा महिलाहरूका लागि झुल खरिद गर्न लागत अनुमान रू.१९९६१७५ बनाएकोमा सिलबन्दी दरभाउपत्रको माध्यबाट असम सिलाई सेन्टर एण्ड कलेक्सन, बनेपाको सिलबन्दी स्वीकृत गरी २५५५ थान झुल खरिद गरी रु.१८९३९७० भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म स्रेस्ता परीक्षण गर्दा १५४० थान वितरण गरेकोमा बाँकी सामग्रीको मौज्दात स्टोरमा रहेको तथा केही थान जेन जेड आन्दोलनबाट क्षति पुगेको पालिकाको भनाई रहेको छ। पालिकाले बाँकी सामग्रीको एकीन गरी मौज्दात सामग्री वितरण गर्नुपर्दछ।

५४ लाभग्राही छनौट

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्दछ। पालिकाले विभिन्न किसिमका बिउ बिजन बितरण कार्यक्रम सञ्चालन गरेको छ। पालिकाले लाभग्राहीको छनौट गर्दा निश्चित मापदण्ड तथा आधार तय गरेको देखिएन। यसले गर्दा वास्तविक लाभग्राहीले पाए नपाएको एकीन गर्न सकिएन। लेखापरीक्षणका क्रममा पेश भएका स्रेस्तामा सामग्री/अनुदान प्राप्त गर्नेको पहिचान खुल्ने प्रमाण सहितको अभिलेख, फोन नं, ना.प्र.न. लगायतका कागजात राख्ने गरेको पाईएन। पालिकाले लाभग्राही छनौट सम्बन्धी मापदण्ड र कार्यविधि बनाई यस्ता कार्यक्रमलाई पारदर्शि, विश्वसनिय र व्यवस्थित बनाउन तर्फ जोड दिनुपर्दछ। त्यसैगरी पालिकाले अघिल्लो आर्थिक बर्षको वितरणको अभिलेख राखेको र अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन। पालिकाले बितरणको अनुगमन गरी प्रतिवेदन राखेर मात्र भुक्तानी गर्नुपर्दछ। लेखापरीक्षणका क्रममा पेश भएका स्रेस्ताबाट देहायका अनुदान वितरण गरेको देखिन्छ।

गोश्वारा भौचर र मिति	कार्यक्रम	खर्च रकम	कैफियत
०५/१०/०९	घाँसको विउ खरिद तथा वितरण	१२८२५०	शत प्रतिशत अनुदानमा वितरण
१६/०३/२५	घाँसको विउ खरिद तथा वितरण	५००००	शत प्रतिशत अनुदानमा वितरण
२/०८/०९	गँहुको विउ खरिद तथा वितरण	१९३३२००	५० प्रतिशत अनुदानमा वितरण
५/०८/२९	उन्नत जातको तरकारी विउ खरिद	४८००००	विभिन्न प्रजातिको तरकारीको विउ वितरण

५५ सवारी साधन तथा मेसिनरी औजार भाडा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु, प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता बिषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ। पालिकाले कार्यालय प्रयोजनको लागि सवारी तथा मेसिनरी औजार भाडामा रू.६२४१०० खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरी तथा प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी सिधै सवारी साधन

मालिकसँग सम्झौता गरेको पाइयो। त्यसैगरी सवारी भाडामा लिनुको कारण प्रयोजन र अवधी खुल्ने गरी सम्झौता गरेको देखिएन। खरिद नियमावलीले तोकेको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

५६ सवारी साधन तथा मेसिनरी औजार मर्मत

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। म.ले.प.फारम नं ४१४ मा मर्मत गर्नुपर्ने सामानको विवरण मर्मत गर्नुपर्ने कारण लागत यस अघि मर्मत गरेको मिति र रकम लगायत उल्लेख गर्नुपर्ने छ। सोही वमोजिम कार्यालयमा रहेको जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा मर्मत अभिलेख तयार नगरी, कतिपय जिन्सी दाखिला नगरी सवारी साधन मर्मतमा १० थान ४ चक्के सवारी साधन र २६ थान २ चक्के (मोटरसाईकल) को लागि रु.७३२०२५ र निर्मित सार्वजनिक सम्पतिको मर्मत संभारमा रू.२३८४२० खर्च लेखेको देखिन्छ। पालिकाले मर्मत खर्च सम्बन्धी मापदण्ड विकास नगरेको देखिएकोले नियमावलीको व्यवस्था बमोजिम खर्च गर्ने, मर्मत आदेश स्वीकृत गरी खर्च गर्ने, मर्मत गरिएका सामग्रीहरूको जिन्सी दाखिला गर्ने, १ लाखभन्दा माथिको मर्मत गर्दा लागत अनुमान बनाएरमात्र खर्च गर्ने र मितव्ययीता अपनाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

५७ जिन्सी निरीक्षण

जिन्सी निरिक्षण, प्रतिवेदन र वडाको जिन्सी सामग्रीको सम्बन्धमा देखिएका व्यहोराहरू देहाय अनुसार छन्:

५७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्ति मूल्य खुलाई खर्च भएर जाने प्रकृतिको सामान भए मले प फा नं ४०७ र खर्च भएर नजाने प्रकृतिको सामान, सम्पत्ति म ले प फा नं ४०८ को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) नामको कम्प्यूटर सफ्टवेयर तयार गरी २०७८।७९ देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेको छ भने हाल PAMS को न्यू भर्सन V2 प्रयोगमा ल्याएको छ। पालिकाले वडा तर्फको खरिद कार्यको कतिपय जिन्सी मालसमानको PAMS मा जिन्सी अभिलेख राखेको पाइएन। पालिकाको जिन्सी सामाग्री समेतको विवरणहरु पाम्स प्रणालीमा प्रबिष्ट गराइ जिन्सी व्यवस्थापन गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५७.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। पाम्सको पहिलो भर्सन (V1) बाट दोस्रो भर्सन (V2) मा जिन्सी सामग्रीको अल्या गरी एकीकृत अभिलेख तयार गर्नुपर्दछ।

५८ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बर्गैचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले नगरसभाबाट निर्णय गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करारमा राख्न नमिल्ने पदहरूमा समेत कर्मचारीहरू नियुक्ती गरेको देखिन्छ। पालिकाले उल्लेखित पदहरू बाहेक एक जना कानुनी सल्लाहकारलाई मासिक रु.४३६८९, सचिवालयमा ३ जना कर्मचारीलाई मासिक रू.२२५००,२०००० र २५०००, सामाजिक परिचालिकामा २ जनालाई मासिक रू.३२९०२ र सिलाई कटाई प्रशिक्षक २ जनालाई जम्मा रू.२५५००० समेत गरी कुल भुक्तानी गरेको नियमसंगत नदेखिएको रू.

अनियमित भएको	२४,६४,७२०

५९ करार तथा ज्यालादारी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानिय तहले आफ्नो अधिकार र कार्यबोझको विश्लेषण गरी संगठन व्यवस्थापन तथा सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको पद र करार सेवाबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। पालिकाले आवश्यकता पहिचान नगरी कामको विवरण नखुलाई पालिकामा र वडाहरुमा ज्यालादारीमा विभिन्न पदहरुमा नियुक्ती गरी डोर हाजिरीका आधारमा भुक्तानी गरेको छ। पालिकाले करार कर्मचारीहरूको कार्यपालिकाबाट निर्णय गरी नियुक्ती गरेको र सम्झौता गरेको देखिन्छ भने डोर हाजिरीमा कार्यरत कर्मचारीहरुको निर्णय, नियुक्ति, कामको विवरण नखुलाई भुक्तानी गरेको देखिन्छ। पालिकाले करार र डोर हाजिरीमा रहेका कर्मचारीहरुको विवरण माग गरेकोमा उपलब्ध नगराएकोले सो सम्वन्धमा एकीन गर्न सकिएन। पालिकाले सेवा तथा परामर्श शिर्षकबाट रू.१०६०२१३ करार सेवा शुल्कमा रू.१४४४६७१७ अन्य सेवा शुल्कमा रू.११२०१६६० र सरसफाई शूल्कमा रू.५३९८५० खर्च गरेको देखिन्छ। आवश्यकता पहिचान नगरी तथा कामको विवरण नखुलाई करार र ज्यालादारीमा भुक्तानी गर्ने प्रवृतिमा सुधार गर्नुपर्दछ।

६० मेला महोत्सव

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पालिका चालु खर्चबाट विभिन्न पूजा, मेला, महोत्सव लगायतमा खर्च गरेको उल्लेख गरी विभिन्न व्याक्ति तथा समितिलाई पालिका र वडाबाट वजेट विनियोजन गरी चाडपर्व, मेला, महोत्सव, पर्व लगायतमा भुक्तानी दिएको देखिन्छ। त्यस्ता खर्चमा खाजा, नास्ताका सिलसिलेवार पान विल पेश गरेको, भोजमा आवश्यक पर्ने सामग्री खरिद गरेको, पूजा पाठ, नाँचका सामान, टेन्ट आदि जस्ता सामाग्रीको लागि भुक्तानी दिएको देखियो। यस प्रकारका खर्चमा नियन्त्रण गरी खर्चलाई मितव्ययी बनाउँदै थप पूँजी निर्माण हुने, रोजगारी सिर्जना गर्ने उत्पादनमूखी कार्यमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

गो.भौ.न. र मिति	विवरण	रकम (रू)	कैफियत
५७२/०१/२५	सहलेश दंगाल तथा मेला आयोजना	४८५०००	समितिलाई पेश्की प्रदान गरी बील भरपाईको आधारमा भुक्तानी
४९५/१२/३०	विष्णु महायज्ञ सञ्चालन	४९९५००	समितिलाई पेश्की प्रदान गरी बील भरपाईको आधारमा भुक्तानी
१९६/०८/२८	लक्ष्मी पूजा मेला संचालन तथा व्यवस्थापन खर्च	४०००००	समितिलाई पेश्की प्रदान गरी बील भरपाईको आधारमा भुक्तानी
३८१/११/०९	विभिन्न मेला महोत्सव र सांस्कृतिक कार्यक्रम	४८४८३३	समितिलाई पेश्की प्रदान गरी बील भरपाईको आधारमा भुक्तानी
५५०/१०/१७	बाबास्थानमा रामनवमी मेला महोत्सव	१९४०००	समितिलाई भुक्तानी

६१ विविध खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयद्धारा जारी गरिएको एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च संकेत नं (२२७११) विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन प्रदर्शन निमन्त्रण तथा भोजहरु सम्बन्धी खर्च कार्यालय सुरक्षा, सम्बन्धी आवश्यक खर्च प्रतिनिधिमण्डलको स्वागत र अतिथि सत्कार खर्च र अन्य कुनै शिर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ। पालिकाले विविध खर्चमा रू.३५९२१६० खर्च गरेको देखिन्छ।जुन आन्तरिक आयको रू.३८१७४८७ को ९४.१० प्रतिशत देखिन्छ। कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड विकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको, होटल, खाजा खानाको सिलसिलेवार पान बिल पेश गरेको, पेश्की भुक्तानी गरी व्याक्तिमार्फत कारोबार गरेको देखिएकोले सम्बिधत सप्लायर्सलाई ईएफटी गरी भुक्तानी गर्नुपर्दछ। पालिकाले दररेट माग गरी मितव्ययी रूपमा खर्च गर्न सकिने भएतापनि प्रयोजन र पुष्टाई बेगर खर्च गरेको देखिन्छ। पालिकाले मापदण्ड विकास गरी मितव्यीता अपनाउनुपर्दछ।

६२ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कुनै व्यक्ति वा संस्थालाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। पालिकाले सहायता नगरी नहुने परिस्थितिमा स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले आपतकालिन अवस्थामा राहत वितरण सम्बन्धी कार्यविधि,२०७९ र आर्थिक सहायता वितरण कार्यविधि,२०७९ बमोजिम रू.२५ हजार सम्मको आर्थिक सहायता गाँउपालिका अध्यक्षले र सो भन्दा माथि कार्यपालिकाबाट निर्णय गरी वितरण गर्न सक्ने व्यवस्था गरेको देखिन्छ। पालिकाले विभिन्न संघसंस्था र व्यक्तिहरुलाई विपन्न परिवारलाई आर्थिक सहयोग शिर्षकबाट रू.१८७००, विभिन्न व्यक्ति तथा संस्थालाई सहायता शिर्षकबाट रू.४७४३०० र शहिद परिवार सामाजिक सहायताबाट ३ जना शहिद परिवारलाई मासिक रू.५५५५ का दरले रू.१९९३२० समेत गरी रू.६९२३२० खर्च गरेको देखिन्छ। जुन आन्तरिक आय रू.३८१७४८७ को १८.१४ प्रतिशत देखिन्छ। यस्तो कार्यक्रमले पालिकालाई आर्थिक ब्यभार परेको छ। आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिँगत कार्य प्रगतिमा असर गर्ने अवस्था देखिन्छ। आर्थिक सहायता वितरण गर्दा आर्थिक अवस्था कमजोर, घरायसी समस्या, औषधी उपचार लगायतका कारणहरुका आधारमा आर्थिक सहायता वितरण गरेको छ। यस्तो आर्थिक सहायता वितरण गर्दा सम्बन्धित व्याक्तिहरुको खातामा रकम टान्सफर नगरी सोधभर्ना भुक्तानी गरेको देखिन्छ। पालिकाले आर्थिक सहायता कार्यविधि निर्माण गरेपनि मापदण्ड विकास गरी लक्षित व्याक्तिहरूको पहिचान गर्ने बस्तुनिष्ठ आधार निर्माण गरेको देखिएन।

६३ सुचना प्रकाशन र छपाई

विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधन समेत) को नियम ६ (क) को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ (ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन। गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौले मिति २०७४/४/२३ को पत्रमा सरकारी बिज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत ब्यवस्था गरेको उल्लेख छ। गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा बिज्ञापनमा २० देखि ६० प्रतिशत सम्म छुट दिने गरेको देखिन्छ। पालिकाले सरकारी बिज्ञापन प्रकाशन गर्दा सुचना को साईज उल्लेख नगर्दा सानो साइजमा छपाई गरेपनि हुने विज्ञापन साइजमा ध्यान नदिएको, सुचना छपाई गर्न कार्यादेश नदिईएको, छुट प्रतिशत लिनको लागि सुचना प्रकाशन गरी दररेट कायम नगरेको र उल्लेखित ब्यबस्था बमोजिम छुट प्रतिशत नलिई अधिकतम १० देखी १५ प्रतिशत सम्म मात्रै छुट लिएको देखिन्छ। पालिकाले पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत २६४२५४६ खर्च गर्दा उक्त प्रावधानहरुको पालना गरेको देखिएन। कानुनमा भएको व्यवस्था पालना गरी अनुत्पादक, वितरणमुखि खर्च नियन्त्रण गर्नुपर्दछ। यस सम्बन्धी केही उदाहरणहरु निम्न अनुसार छन्:

गो.भौ.न./ मिति	भुक्तानी पाउने	रकम (रु.)	कैफियत
४३/ ०६ / ३०	राघव मिडिया प्रा.लि.	७६२७५	दशैँ, तिहार, छठ लगायतको सुभकामना सन्देश प्रकाशन गरेको
५२/ ०७ / ०६	टुडेखोजमिडिया प्रा.लि.	२२३८७५	एउटै एजेन्सीले फरक दरमा छुट प्रतिशत दिएको
१८२/ ०८ / १९	ए.च.टि.पी.न्यूज प्रा.ली.	१०२०००	जनचेतनामूलक सामग्री प्रकाशन गरेको
६३८/ ०२ / ३०	सुमित्रा मिडिया प्रा.लि.	१६९५००	फरक शिर्षकबाट भुक्तानी गरेको, छुट प्रतिशत उल्लेख नभएको

६४ इन्धन खर्च

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को अनुसुचि १ (क) मा गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई प्रति महिना १०० लि. ईन्धन र चौमासिक रूपमा १० लि. मोविल उपलब्ध गराउने व्यवस्था छ। त्यसैगरी वडा अध्यक्षलाई मासिक २५ लि. ईन्धन र चौमासिक रूपमा २ लि. मोविल सुविधा पाउने व्यवस्था गरिएको छ। सोही ऐनको

दफा ४ (४) मा उक्त सुविधा पाउने पदाधिकारीले यातायात खर्च नपाउने व्यवस्था गरिएको छ। पालिकाले यस वर्ष सुत्र अनुसार इन्धन पदाधिकारीमा रु.४९१८९९ ईन्धन कार्यालय प्रयोजनमा रू.३४५९६९३ र ईन्धन अन्य प्रयोजनमा रू.३०३६८९ समेत गरी रू.४२५५२८१ खर्च गरेको देखिन्छ। पालिकाले ईन्धनको लगबुक राखेतापनि सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। उक्त ऐन अनुसार उपाध्यक्षले यातायात खर्च बापत मासिक भुक्तानी लिएको अवस्थामा गाउँपालिका अध्यक्षलाई वर्षभरी १२०० लिटरको दरले इन्धनको अधिक्तम औषत दर रू.१६० लाई आधार लिदाँ १२०० लि.को रू.१९२००० र वडाअध्यक्षले यातायात सुविधा लिएको अवस्थामा पदाधिकारीले ईन्धनमा रू.४९१८९९ खर्च गरेको देखिन्छ।

- इन्धनको दरः पालिकाले इन्धन आपूर्तिकर्ताले नेपाल आयल निगमबाट तोकिएको दरमा इन्धनको बिल जारी गर्नुपर्नेमा सो अनुसार नगरी लामो अवधिको एकैपटक बिल जारी गरेको र सोही अनुसार भुक्तानी गरेकोले सम्बन्धित अवधिको तोकिएको दर भन्दा बढी दरमा भुक्तानी हुन सक्ने देखिन्छ। पालिकाले ईन्धनको अभिलेख राखेर पाम्स मार्फत ईन्धन खर्च गर्नुपर्दछ। अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ को दफा ७.१.१६ मा कार्यालयमा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले कार्यालय प्रयोजनमा खर्च गरेको ईन्धन रू.३४५९६९३ र अन्य प्रयोजन ईन्धन खर्च रू.३०३६८९ पालिकामा रहेका १० थान ४ चक्के सवारी साधन र २६ थान २ चक्के (मोटरसाईकल) को लागि खर्च गरेको पालिकाले जनाएको छ। पालिकाले यस्तो ईन्धन खर्चमा रजिष्टर राखी ऐनले तोकेको परिमाण भन्दा बढी परिमाणमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६५ बैठक भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धि ऐन,२०७७ को दफा ७ मा पदाधिकारी तथा सदस्यहरुले मासिक रूपमा ३ वटासम्म बैठक भत्ता पाउने र अनुसूची १ (क) मा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले प्रति वैठक रू.२००० का दरले भत्ता पाउने र वडाअध्यक्ष र सदस्यले प्रति बैठक रू.१२०० का दरले भत्ता पाउने व्यवस्था गरेको छ। त्यसैगरी कार्यसंचालन निर्देशिका २०७७ ले व्यवस्था गरेको बैठक भत्ता सम्बन्धी मापदण्डले कार्यालय समयमा गरिने बैठकको भत्ता भुक्तानी गर्न मिल्ने देखिदैँन। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ११(४) मा कानुन बमोजिम गठन भएका समितिका लागि बाहेक अन्य कार्यालयको नियमित कामका लागि बैठक भत्ता प्रदान गर्न नपाईने व्यवस्था छ। पालिकाले पदाधिकारी बैठक भत्तामा रू.२५२००० कर्मचारी बैठक भत्तामा रू.४००००० र न्यायिक समिति सञ्चालन खर्चमा रू.२६६८०० समेत गरी रू.९१८८०० खर्च गरेको देखिन्छ, जुन आन्तरिक आय रू.३८१७४८७ को २४.०६ प्रतिशत देखिन्छ। आन्तरिक आय न्युन रहेको स्थितिमा पालिकाले मापदण्ड विकास गरी मितव्यीता अपनाउने तर्फ ध्यान दिनुपर्दछ।

६६ घरभाडा

सार्वजनिक खरिद नियमावलीको नियम ९४ (१) मा सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने र उपनियम ६ मा भाडा निर्धारण समितिले निर्धारण गरे बमोजिम घर भाडामा लिनुपर्ने उल्लेख छ। पालिकाले कार्यालय प्रयोजनका लागि मासिक रू.१६००० र रू.१८००० का दरले घरभाडामा लिएको देखिन्छ। बर्षभरिमा घरभाडा बापत रू.२७१००० भुक्तानी गरेको छ। पालिकाले घरभाडाको दर दररेट निर्धारण समितिबाट निर्धारण भएको देखिएन। यसरी दररेट निर्धारण नगरी घरधनीसँग सिधै सम्झौताको आधारमा खर्च लेख्नु उचित देखिएन। कानूनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्दछ।

६७ गाउँसभा सञ्चालन

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्याक्तिले सरकारी रकम खर्च गर्नु अधि त्यस्तो खर्च गर्न वा भुक्तानी गर्न आवश्यक विल भरपाई वा कागजात संल्गन भए नभएको तथा संल्गन कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष गाउँसभा सञ्चालन गरेबापत सोही शिर्षकबाट रु.६,७७,३०० र अन्य विविध खर्च समेतबाट खर्च गरेको देखिन्छ। त्यसैगरी गाउँसभामा कर्मचारी र पदाधिकारीहरुलाई बैठक भत्ता, यातायात खर्च, झोला लगायतका सामग्री वितरण गरेको देखिन्छ।गाउँसभामा खाजा, खाना, नास्ताको सिलसिलेवार बिल पेश गरी खर्च गरेको देखिन्छ। यस्ता

प्रकृतिका नियमित कार्यमा मापदण्ड विकास गरी मितव्ययी तवरले खर्च गर्न सकिने भएतापनि यसतर्फ ध्यान दिएको देखिएन। पालिकाले मापदण्ड विकास गरि नियमित प्रकृतिका खर्चमा मितव्ययीता अपनाउनुपर्दछ।

६८ वडा संचालन खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसमान खरिद गर्न नसकिने भएमा कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने व्यवस्था छ। त्यस्तै सुत्र प्रणालीमार्फत कारोबार गर्दा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर विधि पनि शुरु भैसकेको भएतापनि पालिकाले निम्नानुसार खर्च भुक्तानी गर्दा सम्बन्धित संस्था/फर्मलाई भुक्तानी नदिई व्यक्ति मार्फत भुक्तानी गरेको पाइयो। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी ५ वडामा प्रत्येक वडाको लागि रू.७००००० बजेट विनियोजन गरी जम्मा रू.३५००००० वडा संचालन र व्यवस्थापन खर्च बापत वडा सचिवलाई चिया नास्ता, मसलन्द, ईन्धन, भ्रमण खर्च तथा विविध खर्च गरेको बिल संलग्न गरी वडाको सिफारिसका आधारमा सोधभर्ना भुक्तानी गरेको छ। पालिकाले निर्णय गरी वडाको खर्च शिर्षकलाइ सिलिङ्ग तोक्ने गरेको देखिएतापनि मर्मत सामग्रीको पाम्समा जिन्सी दाखिला नगरेको, पालिका र वडास्तरबाट खरिद गरेको जिन्सी दाखिला गरेर मात्र खर्च गर्नुपर्दछ। पालिकाले सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, वडा सचिव मार्फत भुक्तानी भएको देखिदाँ वडा खर्च संचालन गर्ने स्पष्ट मापदण्ड बनाई मितव्ययी तवरले खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

६९ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। प्रदेश निजामति सेवा ऐन,२०७७ को दफा ४३(२) मा प्रदेशभित्र कार्यरत प्रदेश निजामती कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नसकिने व्यवस्था गरिएको छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई उपलब्ध गराएको विवरण अनुसार पालिकाका तर्फका १८ जना स्थायी कर्मचारीहरूको पारिश्रमिक, पोशाक र महंगी भत्तामा रू.९५ लाख ३ हजार ८४ खर्च लेखेको देखिन्छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

७० न्यायिक समिति भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धि ऐन,२०७७ को दफा ७ मा पदाधिकारी तथा सदस्यहरुले मासिक रूपमा ३ वटासम्म बैठक भत्ता पाउने र अनुसूची १ (क) मा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले प्रति वैठक रू.२००० का दरले भत्ता पाउने र वडाअध्यक्ष र सदस्यले प्रति बैठक रू.१२०० का दरले भत्ता पाउने व्यवस्था गरेको छ। पालिकाले कार्यपालिकाबाट निर्णय गरी न्यायिक समितको जुनसुकै बैठक भत्तामा रू.१००० का दरले दिने निर्णय गरी मासिक ३ वटा भन्दा बढीको भुक्तानी गरेको देखिन्छ। पदाधिकारीको सुविधा सम्बन्धी ऐन,२०७७ बमोजिम बैठक भत्ता वितरण गर्नुपर्नेमा कार्यपालिकाबाट निर्णय गरी भत्ता दिनु नियमसंगत देखिएन। पालिकाले देहायका पदाधिकारीलाई ऐनको प्रावधानभन्दा बढी भत्ता भुक्तानी गरेको असुल गरी दाखिला गर्नुपर्ने रू.

गोश्वारा भौचर नं र मिति	पदाधिकारिको नाम	पद	मापदण्ड अनुसार पाउनुपर्ने रकम	भुक्तानी भएको रकम	वढी भुक्तानी (करकट्टी पछी)	जम्मा
३९२/ ११ / २१	पुनम कुमारी यादव	संयोजक	२१* २०००	५०*१०००	६८००	
३९२/ ११ / २१	राम विनय राय यादव	सदस्य	२१*१२००	१५*१०००		
३९२/ ११ / २१	संजय कुमार यादव	सदस्य	२१*१२००	५०*१०००	२१०८०	
७२२/ ०३ / १८	पुनम कुमारी यादव	संयोजक	१८*२०००	४५*१०००	७६५०	१४४५०
७२२/ ०३ / १८	राम विनय राय यादव	सदस्य	१८*१२००	२७*१०००	७३४४	७३४४
७२२/ ०३ / १८	संजय कुमार यादव	सदस्य	१८*१२००	४५*१०००	१९८९०	४०९७०

असुल गर्नुपर्ने	६२,७६४

७१ पारिश्रमिक भुक्तानी

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। प्रदेश निजामति सेवा ऐन,२०७७ को दफा ४३(२) मा प्रदेशभित्र कार्यरत प्रदेश निजामती कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नसकिने व्यवस्था गरिएको छ। पालिकाले तलवी प्रतिवेदन पास नगरी कर्मचारीहरूको पारिश्रमिक भुक्तानी गरेकोमा पशु चिकित्सक देवनाथ यादवलाई आठौँ तहको सुरू तलव स्केल रू.४८७३७ र ५ ग्रेड सुविधा रू.८१२५ का दरले साउन देखि चैत्रसम्म र बैशाख देखि असारसम्म ६ ग्रेडका दरले बर्षभरिमा खुद पारिश्रमिक रू.६९७०२५ हुनुपर्नेमा रू.७४२३६४ भुक्तानी गरेको देखिएकोले बढी पारिश्रमिक भुक्तानी रकम रू.४५३३९ र संचय कोषबापतको रू.४५३३ समेत निजबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	४९,८७२

७२ प्रशिक्षक भत्ता

मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका २०८० को दफा १५ सगँ सम्बन्धित अनुसूची २ को सि.न.४ मा तालिम केन्द्र बाहेकका सार्वजनिक निकायबाट सञ्चालित सबै प्रकारका तालिममा प्रशिक्षकले जिल्ला तथा स्थानिय स्तरमा अधिकृतस्तरको कर्मचारी भएमा प्रति सेशन कक्षा सञ्चालन बापत रू.८०० र कार्यपत्र बापत रू.१००० गरी रू.१८०० पाउने व्यवस्था गरेको छ। पालिकाले सञ्चालन गरेका निम्न कार्यक्रममा होटलबास र भ्रमण खर्चको अतिरिक्त मापदण्डभन्दा बढी भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्बन्धित प्रशिक्षकबाट असुल गरी भुक्तानी लिने पौरखी इन्सटिच्युट प्रा.ली.बाट दाखिला गर्नुपर्ने रू.

गोश्वारा भौचर नं/ मिति	कार्यक्रम	प्रशिक्षक	नर्म्स अनुसार पाउने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी
०९/०९/२००५	मानसिक तनाव व्यवस्थापन सम्बन्धी तालिम	प्रकाश कुमार पोखरेल	२दिन*७२००	१२००००	९१२००
		सृजना भण्डारी	२दिन*७२००		
२०४/ ०९ / ०३	पदाधिकारी क्षमता विकास कार्यक्रम	प्रकाश कुमार पोखरेल	३दिन*७२००	११००००	६६८००
		सृजना भण्डारी	३दिन*७२००		
२०२/ ०९ / ०३	कर्मचारी क्षमता विकास तालिम	प्रकाश कुमार पोखरेल	३दिन*७२००	११००००	६६८००
		सृजना भण्डारी	३दिन*७२००		
जम्मा					२२४८००

असुल गर्नुपर्ने	२,२४,८००

७३ गैरसरकारी संस्था मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ र नियमावली, २०६४ को नियम ९९(१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। साथै नियम ९९ (२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृति गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्यआदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मू.अ.क दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू यस प्रकार छनः

- तालिम तथा कार्यक्रम गरेको संस्थाको प्रशिक्षकको योग्यता नखुलेको, सहभागी छनौटको आधार, लक्षित वर्ग पहिचान नगरी तालिम दिएको पाइयो। त्यसैगरी सडक नाटक गरेकोमा भडियो, स्कृष्ट पेश गरेको देखिएन। नाटकको कलाकारहरूलाई पारिश्रमिक भुक्तानी गर्दा कुन नम्स र आधारमा गरेको हो सम्बन्धित कागजात पेश नहुदाँ एकीन गर्न सकिएन।
- पालिकाले यस वर्ष निम्नानुसारको मू.अ. करमा दर्ता भए पनि गैर सरकारी संस्था मार्फत लागत अनुमान, सूचना प्रकाशन, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग नगरी सोझै खरिद गरेको नियमसगत देखिदैन।
- प्रशिक्षकले प्रशिक्षण गराएको कक्षा तालिका पनि नरहेको, कुन विषयको बारेमा प्रशिक्षण गरेको प्रमाण नरहेको, साथै कार्यालयले सो संस्थाहरुबाट भएको कामको प्रभावकारीता मूल्याङ्कन र अनुगमन प्रतिवेदन वेगर भुतानी गरेको पाईयो। नमुना परीक्षण गर्दा देखिएका कार्यक्रमका केही उदाहरणहरू देहायअनुसार छन्:

गो.भौ.न./ मिति	कार्यक्रम	संस्थाको नाम	रकम
६१८/०२/१६	बाल विवाह र दाईजो प्रथा न्यूनिकरण सम्बन्धी नाटक	महिला जागरण समाज	४९६०००
६१२/०२/११	बाल अधिकार सम्बन्धी कार्यक्रम	गुणस्तरीय विकास केन्द्र	४९३५७४
६२४/०२/२१	बाल अधिकार सम्बन्धी कार्यक्रम	सर्वनाम नाट्य परिषद्	४९६८००
६२२/०२/२०	सेनेटरी प्याड बनाउने तालिम	सृजनशील नेपाली समुह	३९७०००
७०८/०३/१५	ब्यूटिशियन तालिम	सुनिल रिफेशमेन्ट एण्ड ट्रेनिङ्ग सेन्टर	२९६९९९
५३४/०१/०५	अगरबत्ती बनाउने तालिम	माउन्टेन मल्टिप्रपोज प्रा.ली.	१९४०००

७४ सशर्तमा शिर्षक फरक पारी खर्च

महालेखा नियन्त्रक कार्यालयलको एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ बमोजिम खर्च शिर्षक अनुसार सम्बन्धित प्रयोजनको खर्च सम्बन्धित शिर्षकबाट लेख्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको आ.व. २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदा नं १४ अनुसार सशर्त रकम जुन विषय क्षेत्रको कार्यक्रमको लागि प्राप्त भएको हो सोही कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्दछ। पालिकाले सशर्ततर्फ रकम जुन शीर्षकको लागि विनियोजन भएको हो सो शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ । पालिकाले खर्च शिर्षक अनुसार सम्बन्धित प्रयोजनको खर्च सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्दछ।केही उदाहरण यसप्रकार छन्:

गौ भौ नं	मिति	भुक्तानी पाउने	शिर्षक	खर्च भएको	रकम
२९३	२०८२।३।५	श्री रमेश महतो स्मृती जनता मावि फुलवरिया जगतपुर	मावि स्थायी दरबन्दीको शिक्षक तलब	माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान	३७८५६
३३९	२०८२।०३।२१	जस्मिन कुमारी यादव (जनता आधारभूत विद्यालय सुन्दरपुर)	डोर हाजिरमा कार्यरत शिक्षक खर्च	आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान	४२९००

अर्थ मन्त्रालयको आ.व. २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदा नं १४ अनुसार सशर्त रकम जुन विषय क्षेत्रको कार्यक्रमको लागि प्राप्त भएको हो सोही कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्दछ।

७५ Customized तालिम

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०२ मा Customized तालिमको इकाई लागत प्रति शिक्षक रु ५ हजार खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले यस कार्यक्रममा भौचर नं ३५३ मिति २०८२।०३।२३ बाट रु ३९५००० को तालिम कार्यक्रम सञ्चालन गरिएको छ। सहभागी ५५ शिक्षक भएकोले प्रतिवेदक र प्रशिक्षक समेत कूल ५७ जना भएको देखिएकोले

प्रति शिक्षक ५ हजारका दरले अधिकतम् रु २८५००० खर्च गर्न सकिनेमा रु ३९५००० खर्च गरिएको हुनाले रु ११०००० (औसतमा कर रु १०३०० दाखिला भएकोले रु ९९७००) बढी व्ययभार परेको अनियमित देखिएको रु

अनियमित भएको	९९,७००

७६ शिक्षकको अभिलेख तथा तलब भत्ता वितरण

शिक्षा नियमावली २०५९ को नियम १६ मा शिक्षा विकास तथा समन्वय ईकाइ प्रमुखको काम कर्तव्य र अधिकार, नियम ७७ मा विद्यार्थी संख्या र अनुसूची १२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी सम्बन्धमा व्यवस्था छ। नियम १६ मा विद्यालयसम्बन्धी अभिलेख तयार गर्ने, दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्ने, आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ एकिन गर्ने (दफा १३) र स्थानीय तहले इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (दफा१२) व्यवस्था छ । शिक्षा नियमावली, २०५९ ले ब्यवस्था गरे अनुसार बिद्यालयगत दरबन्दी र बिद्यालयको अवस्था तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । बालविकास कर्मचारीको व्यक्तिगत फाइल अद्यावधिक, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नयाँ नियुक्ति भएका, राहत कोटा र दरबन्दीमा कार्यरत शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार नगरेको, शिक्षकहरुको सत्यापन नगरेको हुँदा कार्यरत शिक्षकको तलब भत्ता वितरण सम्बन्धमा एकिन हुन सकिएन। शिक्षकको अभिलेख सम्बन्धमा नियमावली र कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनतर्फ ध्यान दिनुपर्दछ।

७७ अनुदान निकासा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९,५६ र ५७ अनुसार सरकारी खर्चको भुक्तानी गर्दा बील, भरपाई,प्रमाण तथा आवश्यक कागजात संलग्न गरी रीतपूर्वक भुक्तानी गरी लेखा राख्नुपर्दछ। पालिकाले यस बर्ष देहायको विद्यालयहरुका लागि विभिन्न क्रियाकलापहरुमा रकम निकासा गरेको छ ।अनुदान निकासापछि सोको खर्च विवरण विद्यालयले पेश गर्नुपर्दछ र शिक्षा शाखाले भिडान गर्नुपर्दछ भने पालिकाले अनुगमन गर्नुपर्दछ।अधिकांश भौचरमा निकासा विवरण मात्र भएकोले कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ अनुसार निकासा रकमको खर्च सम्बन्धमा एकिन हुन सकिएन।केही उदाहरणहरु देहायबमोजिम छन्। अतः अनुदान निकासा पश्चात् समेत रकमको सम्बन्धीत शिर्षकमा सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी अनिवार्य रुपमा बिल भरपाइ,प्रगति प्रतिवेदन पेश हुनुपर्दछ भने पालिकाले उक्त विवरणहरु भिडान गरी सदुपयोगको सुनिश्चतता गर्नुपर्दछ।

भौ.न./मिति	प्रयोजन	शीर्षक	भुक्तानी पाउने	भुक्तानी रु.	कैफियत व्यहोरा
३२८-२०८२।०३।१९	ICT व्यवस्थापन	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितक प्रोत्साहन अनुदान	श्री रामजानकी आ.वि. मझौरा नवराजपुर-4	६५००००	कार्यसम्पन्न प्रतिवेदन र विलभरपाई पेश हुनुपर्दछ।
३२८-२०८२।०३।१९	कार्यसम्पादनमा आधारित अनुदान	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितक प्रोत्साहन अनुदान	श्री उपेन्द्र प्रसाद यादव आ.वि. कुर्सण्डी नवराजपुर-5	५००००	मूल्यांकन/ छनोटको आधार र खर्चको विलभरपाई पेश हुनुपर्दछ।
३२८-२०८२।०३।१९	कार्यसम्पादनमा आधारित अनुदान	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितक प्रोत्साहन अनुदान	श्री हजारी माता आ.वि. नवराजपुर-4	५००००	मूल्यांकन/ छनोटको आधार र खर्चको विलभरपाई पेश हुनुपर्दछ।
३२८-२०८२।०३।१९	प्रोत्साहन अनुदान	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितक प्रोत्साहन अनुदान	श्री अवधि फेक्नी आ.वि. करमनियाँ नवराजपुर-1	३०००००	मूल्यांकन/ छनोटको आधार र खर्चको विलभरपाई पेश हुनुपर्दछ।
३२८-२०८२।०३।१९	प्रोत्साहन अनुदान	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितक प्रोत्साहन अनुदान	श्री द.उ.जनजाती आ.वि. फुलवरिया नवराजपुर-3	२०००००	मूल्यांकन/ छनोटको आधार र खर्चको विलभरपाई पेश हुनुपर्दछ।
३६६-२०८२।०३।२५	ICT व्यवस्थापन	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारितक प्रोत्साहन अनुदान	आधारभूत विद्यालय सुन्दरपुर झाँझपट्टी नवराजपुर ५	६५००००	कार्यसम्पन्न प्रतिवेदन र विलभरपाई पेश हुनुपर्दछ।
			जम्मा	१९०००००	

७८ शैक्षिक सुशासन

अर्थ मन्त्रालयको आ.व. २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदा नं १४ अनुसार सशर्त रकम जुन विषय क्षेत्रको कार्यक्रमको लागि प्राप्त भएको हो सोही कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्दछ। कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/०८२ को क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरणका लागि प्रति विद्यार्थी रु.२७५ का दरले खर्च गर्न सकिने व्यवस्था छ । सशर्त बजेटको सिमा आवश्यक परी अधिक खर्च गर्नुपर्ने भएमा पालिकातर्फ स्विकृत बजेटबाट खर्च लेखांकन गरिनुपर्दछ। देहायबमोजिम मापदण्डभन्दा बढी निकासा भएको रकम खर्च गर्न मिल्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा रु ६६०१५ संघीय सञ्चित कोषमा फिर्ता/सोधभर्ना गरेको प्रमाण पेश गर्नुपर्ने रु

भौचर र मिति	विवरण	रकम	इमिस अनुसार कक्षा ८ मा विद्यार्थी संख्या	जानुपर्ने	बढी रकम	कैफियत
२३४-०८१।१२।३०	कक्षा ८ परिक्षा सञ्चालन वापत ६ जनालाई	७३९९०	२४७	६७९२५	६६०१५	६ जनालाई
३२९-०८२।०३।१९	कक्षा ८ परिक्षा सञ्चालन वापत ४ विद्यालयलाई	५९९५०				४ विद्यालयलाई
	जम्मा	१३३९४०	२४७	६७९२५	६६०१५	
				प्रमाण पेश नगरेको		६६,०१५

७९ **अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान-**

शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुदाँ नं ६ (१) अनुसार शुन्य दरवन्दी रहेको विद्यालयलाई बढीमा ३, एक दरवन्दी रहेकोमा २ र दुई दरवन्दी रहेको १ ओटा शिक्षण अनुदान बराबरको रकम उपलब्ध गराउनु पर्नेछ।बुदाँ नं ७ मा शिक्षकलाई विद्यालयले एक शैक्षिक सत्रको लागि करार सम्झौता गर्ने र विद्यालय व्यवस्थापन समितिले विद्यालयमा आगामी वर्षहरुका लागि शिक्षण सिकाइ अनुदान कोटा प्राप्त हुने सुनिश्चितता भएको अवस्थामा मात्र कार्य सम्पादनको आधारमा पुनः शिक्षण सेवा करार गर्न सक्ने प्रावधान छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.४० र २.७.१३.४१ मा नियमानुसार शून्य दरबन्दी भएका विद्यालय यकिन गरी शिक्षक भर्ना भएपछि प्रति शिक्षक मासिक मावि तहमा रु ३४७३० र आधारभूत तहमा रु ४३६८९ उपलब्ध गराउने व्यवस्था छ। पालिकाले देहायबमोजिम रु ४४६८९० निकासा गरेको सम्बन्धमा कार्यविधि बमोजिम प्रत्येक बर्ष करार सम्झौताको प्रमाण पेश हुनुपर्दछ।

भौचर र मिति	विद्यालयका नाम	रकम
४१-०८१।०६।२२	श्री रमेश महतो स्मृती जनता माध्यमिक विद्यालय फुलबरिया जगतपुर	१७४७५६
९९-०८१।०९।२२	श्री रमेश महतो स्मृती जनता माध्यमिक विद्यालय फुलबरिया जगतपुर	१३१०६७
२२३-०८१।१२।२७	श्री रमेश महतो स्मृती जनता माध्यमिक विद्यालय फुलबरिया जगतपुर	१४१०६७
	जम्मा	४४६८९०

८० **विपदका समयमा सिकाई निरन्तरताका लागि द्रुत सिकाई योजना**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०४ कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा विपदको समयमा सिकाई निरन्तरताका लागि Online Media Plateform विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको ReAL Menu मा रहेका सामग्रीको प्रयोग गरी स्थानीय तहले स्थानीय तहका विकास साझेदार संस्थाहारुको नक्साङ्कन, ReAL plan नमुना गर्नुपर्ने कार्यहरूको अभिमुखीकरण तथा REAL कार्यक्रम कार्यान्वयनको लागि स्रोतको नक्साङ्कन गर्ने, विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने तथा ReAL Plan कार्यान्वयनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वयन सहजीकरणको व्यवस्था मिलाउने सम्बन्धित विद्यलायले ReAL Plan कार्यान्वयन सम्बन्धमा शैक्षिक सत्रको सुरुमा तोकिएका कक्षाका विषयगत शिक्षकलाई विद्यालयस्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखीकरण गर्ने तथा विद्यार्थीको पूर्व परीक्षा सञ्चालन गर्ने लगायतका क्रियाकलापहरू गर्नुपर्ने उल्लेख छ। पालिकाले भौचर नं २७३ मिति २०८२।०२।०८ मा रु ३९८००० खर्च गरी २० वटै विद्यालयमा सञ्चालन गरेको छ। पालिकाले कार्याविधिको निर्देशनानुसार Online Media Plateform बाट सिकाइको कुनै प्रमाण पेश नभएकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको ReAL Menu अनुसार शैक्षिक परिपूरणको प्रावधान अनुसार कक्षा सञ्चालन गरे नगरेको अनुगमन गर्नुपर्दछ।कूल खर्चमध्ये अनुगमनमा रु ४९००० भत्ता वितरण गरेको विवरण पेश भएकोमा अनुगमन प्रतिवेदन नभएकोले अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	४९,०००

८१ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार देहायबमोजिम शिक्षक विद्यार्थी अनुपात देखिएको छ।

क्र.सं.	विद्यालयको नाम	दरबन्दी संख्या	स्थानी पदपूर्ती	राहत/करार पदपूर्ती	जम्मा	विद्यार्थी	विद्यार्थी
						संख्या	शिक्षक अनुपात
१	रमेश महतो ज.मा.वि.फूलवरिया जगतपुर नवराजपुर - ०३	१३	६	७	१३	६५९	५१
२	ज.न.प्रा.धार मा.वि. सोनवर्षा	२५	९	१६	२५	१०५१	४२
३	उपेन्द्र प्रा. यादव आ. वि. कुर्सन्डी	२	१	१	२	२१९	११०
४	ज. आ. वि. सुन्दरपुर झाझपटी	४	२	२	४	३६२	९१
५	अवधि फेकनी आ. वि. करमनियाँ	२	१	१	२	२१६	१०८
६	ज. आ. वि. तामासुईया	३	३	०	३	८३	२८
७	ज. आ. वि. गेरुवाहा	४	३	१	४	२८१	७०
८	भगवती आ. वि. भगवतीपुर	३	३	०	३	९१	३०
९	राम जानकी आ. वि. मझौरा	३	१	२	३	१३५	४५
१०	राम जानकी दलित आ. वि. मझौरा	१	१	०	१	७२	७२
११	सरस्वती आ. वि. मझौरा	२	२	०	२	१२५	६३
१२	दलित उत्पिरित ज. आ. वि. फूलवरिया	३	१	२	३	११३	३८
१३	शिवशक्ति आ.वि. फूलवरिया	०	०	०	०	२७	०
१४	आ.वि. जगतपुर	२	१	१	२	५८	२९
१५	ज. आ. वि. सुन्दरपुर	२	१	१	२	५०	२५
१६	जनकल्यान आ. वि. नवराजपुर	२	०	२	२	१४९	७५
१७	हजारीमाता आ. वि. नवराजपुर	१	०	१	१	२३०	२३०
१८	आ. वि. मेन्हा	२	१	१	२	१०२	५१
१९	ज. आ. वि. देवनगर कुर्सन्डी	३	३	०	३	१०४	३५
२०	ज्योति आ. वि. देवनगर	२	१	१	२	१९८	९९
	जम्मा	७९	४०	३९	७९	४३२५	

८२ विद्यालयगत निकासा

अर्थ मन्त्रालयको आ.व. २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदा नं ५७ अनुसार र महालेखा नियन्त्रक कार्यालयको समय समयको परिपत्रमा सरकारी भुक्तानीलाई भुक्तानी प्राप्तकर्ताको खातामा EFT मार्फत भुक्तानी गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेको छ। विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।शिक्षा शाखामा कर्मचारी अभाव भएको पालिकाले जनाएको छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको र खर्च भिडान गरी विद्यालयमा सशर्ततर्फको बाँकी रकम फिर्ता गर्ने गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन।अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

८३ विद्यालयको आर्थिक लेखापरिक्षण

शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को कृयाकलाप नं. २.७.१३.१० मा बुदाँ नं ५.४ मा विद्यालयले सामाजिक परीक्षण र आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने, सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था छ। यस पालिकाका विद्यालयहरुमा लेखापरिक्षणको अवधिसम्म आन्तरिक रुपमा आर्थिक लेखापरिक्षण प्रतिवेदन पेश भएको नदेखिएकोले निकासा भएको खर्च सम्बन्धमा यकिन हुन सकेन। समयमा आन्तरिक लेखापरिक्षण गराई वित्तिय सुशासन कायम गरिनुपर्दछ।

८४ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ:

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२१८९७९५०२	३८, १७ , ४८७.२३	१.७४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७४ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८५ मनोरन्जन कर

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा भिडियो हल सांस्कृतिक प्रदर्शन हल संगित थिएटर मनोरन्जन प्रदर्शन हल ऐतिहासिक स्थलको शुल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष ०८१/८२ मा पालिकाले मनोरन्जन कर असुली गरेको देखिएन। पालिकाको क्षेत्रभित्र उठनुपर्ने मनोरन्जन कर यकिन गरी असुल गर्नुपर्दछ ।

८६ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्य क्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्ति बाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा सोको लगत राखेको पाईएन्। पालिकाले आव २०८१।०८२ मा व्यावसाय कर वापत रु. ११ हजार असुल गरेको देखिन्छ । पालिकाले व्यवसाय कर नबुझाउने व्यासयायीहरुको अभिलेख व्यवस्थित गरी कर बुझाउन ताकेता गर्नुपर्नेमा बुझाउन ल्याउनेको मात्र असुल गरेको देखिन्छ। गाउँपालिका अन्तर्गत रहेको उद्योग, ईट्टा भट्टा, फर्निचर, होटल, हस्पिटल, पेट्रोल पम्प लगायतको व्यवसायहरु संचालनमा रहेता पनि कार्यालयले यसको अभिलेख अद्यावधिक गरी राखेको छैन। तसर्थ, उद्योग/व्यवसायलाई दर्ता वा इजाजत दिइ कारोबारको आधारमा व्यवसाय करको दायरामा ल्याइ आर्थिक ऐन बमोजिम कर, शुल्क लगाई असूल उपर गरिनुपर्दछ।

८७ सवारी कर

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असुलीलाई प्रभाबकारी बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

८८ उद्योग ब्यबसायीको लगत

पालिका भित्र के कती संख्यामा उद्योग ब्यबसायहरु संचालनम आएका छन् पालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाको सार्वजनिक हितको लागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योग ब्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै अभिलेख राखी नियमानुसार राजश्व संकलन गर्नुपर्ने देखिन्छ।

८९ घर नक्सा पास

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा पालिकाबाट नक्सा पास नगराई कसैले पनि भवन निर्माण गर्न नहुने उल्लेख छ। पालिकाको नक्सापासबाट आर्थिक वर्ष २०८१।८२ मा रु. ५ सय आम्दानी गरेको छ। नयाँ घर तथा संरचना निर्माण गर्दा अनिवार्य रुपमा घर नक्सा पास गर्नुपर्ने जानकारी गराई पालिका भित्र बन्ने संरचनालाई दिगो र व्यवस्थित बनाउनुपर्दछ।

९० आन्तरिक आयको अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने ब्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर लगायतका शीर्षकमा अनुमानित रु. ५ करोड १ लाख ३१ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३८ लाख १७ हजार अर्थात ७.६१ प्रतिशत आय प्राप्त गरेको छ। यस वर्ष रु. ३८ लाख १७ हजार आम्दानी भएकोमा पालिकाले राख्नुपर्ने म.ले.प. फा.नं. नराखेकोले र प्राप्त हुनुपर्ने तथा प्राप्त भएको राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुन सकिएन। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

क्र.सं.	प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी	आम्दानी प्रतिशत
१	११३१३ - सम्पती कर	४०००००	०	०
२	११३१४ - भुमिकर/मालपोत	११०००००	३२९५६४.६२	२९.९६
३	११३१७ - वहाल कर	६०००००	२३९२४५.६१	३९.८७
४	११३१८ - वहाल विटौरी कर	३६७६१८१०	०	०
५	११६११ - व्यवसायले भुक्तानी गर्ने	४५००००	०	०
६	११६९१ - अन्य कर	४५००००	०	०
७	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	१२७५५८४	१२७५५८४००
८	१४२२१ - न्यायिक दस्तूर	१०००००	०	०
९	१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	२०००००	३४,५००.००	१७.२५
१०	१४२२४ - परीक्षा शुल्क	१५००००	६१,७००.००	४१.१३
११	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	२००००००	३८४०००	१९.२
१२	१४२४२ - नक्सापास दस्तुर	६०००००	५००	०.०८
१३	१४२४३ - सिफारिश दस्तुर	२००००००	३५५४९९	१७.७७
१४	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	१००००००	३२२३५०	३२.२३
१५	१४२४९ - अन्य दस्तुर	६०००००	३७५९६५	६२.६६
१६	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	५२००००	६,०००.००	१.१५
१७	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	५०००००	०	०
१८	१४५२१ - प्रदुषण नियन्त्रण शुल्क	२५००००	०	०
१९	१४५२९ - अन्य राजस्व	५०००००	४२७५७९	८५.५१
२०	१४६११ - व्यवसाय कर	४५००००	५,०००.००	१.११
२१	१५१११ - बेरूजू	१५०००००	०	०
जम्मा		५०१३१८१०	३८१७४८७	७.६१

९१ आन्तरिक आयको तुलना

कार्यालयले आन्तरिक राजस्व आर्जन हुने स्रोतको खोजी गर्दै राजस्व वृद्धि गर्नुपर्दछ । कार्यालयबाट प्राप्त आ.व. २०७९/८०, २०८०/०८१ तथा २०८१/०८२ को आन्तरिक राजस्वको तुलानात्मक स्थिति निम्नानुसार रहेको छ:

आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
१६२८४८१.७८	४३०९२२९.६५	३८१७४८७.२३

उपरोक्त तथ्याकंको आधारमा आ.व. २०७९/८० मा भन्दा आ.व. २०८०/८१ मा १६४.६ प्रतिशत आन्तरिक राजस्व बढेकोमा, आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा आन्तरिक राजस्व ११.४१ प्रतिशत राजस्व असुली घटेको देखिन्छ। पालिकाले राजस्वको नयाँ क्षेत्रको पहिचान गरि राजस्व अभिवृद्धि गर्ने तर्फ ध्यान् दिनुपर्दछ ।

९२ पोखरी ठेक्का

आ.व. २०८१।८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँ सभाले आर्थिक ऐन, २०८१ बनाई लागु गरेको छ। पालिकाले आफ्नो आन्तरिक राजस्व बढाउन आफ्नो भौगोलिक क्षेत्रभित्रको हाटबजार, माछापोखरी, पर्यटकिय क्षेत्र र पशुबध क्षेत्रमा ठेक्का लगाएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार मिति २०८१।६।२९ को सुचना प्रकाशनमा ५६ वटा पोखरीको लागि ठेक्का आवहान गरेकोमा १२ वटा पोखरीको ठेक्का सकार भएकोमा ४४ वटामा ठेक्का लागेको पाइएन। पालिकाबाट प्राप्त आय ठेक्का विवरण निम्नानुसार रहेका छन:

सि.नं.	पोखरीको नाम	ठेक्का नं.	न्यनतम कबोल अंक	कबोल रकम	बढी प्रतिशत
१	आ.ई.डि.एस.पोखरी	८/०८१/०८२	३९००००	३९०१००	०.०३
२	महराजी पोखरी नवराजपुर ४	३४/०८१/०८२	३५०००	४१०००	१७.१४
३	जे.टि.ए.पोखरी	३८/०८१/०८२	२००००	२१५००	७.५
४	कललवा पोखरी	२९/०८१/०८२	५००००	९५०००	९०.
५	साहुजी पोखरी	५६/०८१/०८२	६५०००	७२२००	११.०८
६	नयाँ पोखरी	५५/०८१/०८२	२४००००	३१३६००	३०.६७
७	विदेशी पोखरी	५३/०८१/०८२	९००००	११३३००	२५.८९
८	रामसागर यादवके पोखरी	३९/०८१/०८२	२००००	२०१००	०.५
९	थाना नजिकको पोखरि	४०/०८१/०८२	२००००	४८०००	१४०.
१०	जागेश्वर यादवके पोखरि	४१/०८१/०८२	११००००	१८००००	६३.६४
११	बैध पोखरी	२/०८१/०८२	२९००००	३०५०००	५.१७
१२	रामबिहारी पोखरी	७/०८१/०८२	१४००००	१४००००	०

पालिकाले न्यूनतम अंक कायम गरी बोलपत्र आवहान गर्दा प्रतिस्पर्धात्मक आधारमा ०.०१६ देखि १०० प्रतिशत सम्म बढी अकंमा बोलकबोल गरेको देखियो। पालिकाले ठेक्का नलागेको पोखरीमा पुन सुचना प्रकाशन गरी ठेक्का लगाएको वा अमानतबाट काम गराएको पाइएन। पालिकाले ठेक्का प्रकृयालाई थप प्रतिस्पर्धी र पारर्दशी बनाई पुन सुचना प्रकाशन गरी पोखरी ठेक्का सकार गराई आन्तरिक आम्दनी वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

९३ धरौटी जफत

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६२ बमोजिम कुनै प्रयोजनको लागि राखिएको धरौटी त्यस्तो काम पूरा नगरेको कारणले प्रचलित कानून वा करारको शर्तनामा बमोजिम जफत गर्नु पर्ने भएमा कार्यालय प्रमुखले निर्णय गरी त्यस्तो धरौटी वा जमानतको रकम जफत गर्नु पर्नेछ।पालिका भित्रका पोखरीको ठेक्का बन्दोवस्त गरि आन्तरिक आय वृद्धि गर्ने उद्देश्यले न्यूनतम कायम गरी सूचना प्रकाशन गर्दा देहायका ठेक्कामा देहायको कबोलकर्ताले दरभाउ पेश गरेको छ। कबोलकर्ताले दरभाउ पेश गरे पश्चात चलनपूर्जि नलिएकोले धरौटी वापत राखेको रकम जफत गरी आन्तरिक राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सि.नं.	पोखरीको नाम	कबोलकर्ता र ठेगाना	कबोल रकम	धरौटी
१	धनिक पोखरी	पप्पु कुमार सिंह	१२११००	६०५५
२		ब्रहमदेव यादव	३०५१००	१५२५५
३		बेचन यादव	१०००००	५०००
४	लबका पोखरी	बेचन यादव	२०५०००	१०२५०
५	बाल किशुन पोखरी	राम लोचन शर्मा	१४१०००	७०५०
६	राज लाल पोखरी	शक्ति कुमार यादव	१११०००	५५५०
७	पुरानो पोखरी	राजेश यादव	१४१०००	७०५०
८	पंची पोखरी	राजेश यादव	१४१०००	७०५०
९	भगवानपुरवाला पोखरी	केशीलाल चौधरी	१००५००	५०२५
१०		विनोद कुमार यादव	६१५००	३०७५
११	महारानी पोखरी	राम सुफल यादव	९६५००	४८२५
१२	फुल पोखरी	शिव नाथ यादव	३०७०००	१५४००
१३	मुसहरी पोखरी	विवेक कुमार यादव	२२००००	११०००
१४		संजिव कुमार यादव	२२५०००	११२५०
१५	बलुबाध पोरखी	विवेक कुमार यादव	४००००	२०००
१६	बडही पोखरी(डबरा)	दिपेन्द्र प्रसाद यादव	३६०००	१८००
१७	अमिन पोखरी	जघनाथ यादव	४०१००	२००५
१८	कासी पोखरी	कासी यादव	६००००	३०००
जम्मा			२४५१८००	१२२६४०

प्रमाण पेश नगरेको	१,२२,६४०

९४ पोखरी ठेक्काको मु.अ कर

पालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका पोखरीहरुमा माछापालन गर्ने प्रयोजनको लागि ठेक्का लगाई राजस्ज आम्दानी गर्नको लागि ठेक्का वन्दोवस्त गरेको देखिन्छ। मू.अ. कर ऐन, २०५२ को दफा १५(३) मा स्थानिय तहले मू.अ. कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्दा मू.अ. कर असूल गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको २०७६।४।१ देखि लागू भएको राजश्व शिर्षक वर्गिकरण र व्याख्या सम्बन्धि परिपत्रमा स्थानिय तहले संकलन/दाखिला गर्ने मू.अ. कर रकम राजस्व संकेत न. ३३३१७ वेदर्तावालाबाट गर्ने मू.अ. कर सकंलन शिर्षकमा दाखिला गर्नुपर्दछ । पालिकाको निम्नानुसार पोखरी ठेक्कामा सकारकर्ताले मू.अ. कर वापत रु. २२६१७४ दाखिला गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सि.नं.	पोखरीको नाम	ठेक्का नं.	सम्झौता गर्ने व्यक्तिको नाम	सम्झौता गर्ने व्यक्तिको ठेगाना	सम्झौता अवधि	कबोल रकम	भ्याट रकम
१	आ.ई.डि.एस.पोखरी	८/०८१/०८२	जय नाथ यादव	नवराजपुर गा.पा.१ ता.सु.	२०८३-०८४ सम्म	३९०१००	५०७१३
२	महराजी पोखरी नवराजपुर ४	३४/०८१/०८२	राजाराम यादव	नवराजपुर ४	२०८३-०८४ सम्म	४१०००	५३३०
३	जे.टि.ए.पोखरी	३८/०८१/०८२	राम अवतार यादव	नहरनियाँ नवराजपुर ४	२०८३-०८४ सम्म	२१५००	२७९५
४	कललवा पोखरी	२९/०८१/०८२	रामचन्द्र यादव	नवराजपुर ३ मझौरा	२०८३-०८४ सम्म	९५०००	१२३५०
५	साहुजी पोखरी	५६/०८१/०८२	सुधिरा देवी साफी	नवराजपुर ५ कुर्सण्डी	२०८३-०८४ सम्म	७२२००	९३८६
६	नयाँ पोखरी	५५/०८१/०८२	बिरेन्द्र कुमार साफी	नवराजपुर ५ कुर्सण्डी	२०८३-०८४ सम्म	३१३६००	४०७६८
७	विदेशी पोखरी	५३/०८१/०८२	बिरेन्द्र कुमार साफी	नवराजपुर ५ कुर्सण्डी	२०८३-०८४ सम्म	११३३००	१४७२९
८	रामसागर यादवके पोखरी	३९/०८१/०८२	सिमिल कुमार यादव	नवराजपुर ४ नहरनियाँ	२०८३-०८४ सम्म	२०१००	२६१३
९	थाना नजिकको पोखरि	४०/०८१/०८२	सिमिल कुमार यादव	नवराजपुर ४ नहरनियाँ	२०८३-०८४ सम्म	४८०००	६२४०
१०	जागेश्वर यादवके पोखरि	४१/०८१/०८२	सुरेश कुमार यादव	नवराजपुर ४ नहरनियाँ	२०८३-०८४ सम्म	१८००००	२३४००
११	बैध पोखरी	२/०८१/०८२	प्रमोद कुमार यादव	नवराजपुर १ भगवतीपुर	२०८३-०८४ सम्म	३०५०००	३९६५०
१२	रामबिहारी पोखरी	७/०८१/०८२	दिल बहादुर साह	नवराजपुर १ भगवतीपुर	२०८३-०८४ सम्म	१४००००	१८२००
जम्मा						१७३९८००	२२६१७४

प्रमाण पेश नगरेको	२,२६,१७४

९५ ढिला राजस्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउनुपर्ने व्यवस्था छ। पालिकाले यसरी ढिला दाखिला गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

वडा नं	सम्बन्धित व्यक्ति	लेखापरीक्षणमा पेश	राजस्व असुली	राजस्व दाखिला	कैफियत
१	राम पुकार मण्डल	२२	२३०९५४	२३१५७०	मिति २०८२।३।३२ मा रु. २३१५७० दाखिला
२	अनिल कुमार यादव	१०	११६५७४	११६५७४	
३	राम पुकार मण्डल	१५	१६२७६३	१६३०६३	मिति २०८२।३।३२ मा रु. १६३०६३ दाखिला
४	मनोज कुमार यादव	१४	२५६०४३	२६१७०९	मिति २०२५।७।१० मा रु. २११७०९ दाखिला
५	अनिल कुमार यादव	२२	२८५०५७	२८५०६१	मिति २०८२।३।३२ मा रु ७४१७२ दाखिला
पालिका	मुकेश कुमार यादव	४	२५२२९४	२५५६९४	मिति २०८२।३।३१ मा रु. २५५६९४ दाखिला
न्यायिक समिति	सन्तोष कुमार यादव	२	८३५०	८३५०	
अमिन	शैलेन्द्र कुमार महतो	४	४५०००	४५०००	मिति २४।३।२०८२ मा रु. ४५००० दाखिला
पशु सेवा शाखा	शितल प्रसाद यादव	१	१७०००	१७०००	रु. १७००० लेखापरीक्षणको क्रममा असुली
कृषि शाखा	लाल बहादुर यादव	१	२०५००	२०५००	
गाडी भाडा	रमेश कुमार यादव	३	२८५५५२	२८८९००	
जम्मा		९८	१६८००८७	१६९३४२१	

९६ ठेलीबाट आम्दानी

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाले रसिद ठेली छपाई गरेर वडा कार्यालय र पालिकाको राजस्व शाखामा पठाउने गरेको र उक्त रसिद ठेलीबाट राजस्व संकलन गर्ने गरेको छ। कार्यालयले पालिका लगायत वडाहरुमा स्वचालित प्रणाली (SUTRA) प्रयोग गरी रसिद ठेली मार्फत राजस्व संकलनमा हुने जोखिम हटाउने तर्फ ध्यान दिनुपर्छ।

९७ रसिद नियन्त्रण खाता

राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। कार्यालयले यस आर्थिक वर्षको लागि गत वर्षबाट कति रसिद ठेली अल्या गर्‌यो, यस वर्ष कति छाप्यो र कति रसिद ठेली हस्तान्तरण गर्‌यो खुल्ने अभिलेख म.ले.प.फारम नं.९०४ बमोजिमको ढाँचामा रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन । कार्यालयले यस आर्थिक वर्षमा ९८ थान रसिद ठेली प्रयोग गरी रु. १६,९३,४२१।०० राजस्व आम्दानी गरेको देखिन्छ। कार्यालय रसिद नियन्त्रण खाता नराखेकोले आम्दानी भएको राजस्वको सम्बन्धमा यकिन गर्न सकिएन। कार्यालयले स्वीकृत म.ले.प ढाँचामा रसिद नियन्त्रण खाता राखी राजस्व असुलीमा हुने जोखिम घटाउनुपर्दछ।

९८ भाडामा सवारी

जिन्सी शाखाबाट प्राप्त जानकारी बमोजिम पालिकामा जे.सि.बी. १ थान, मिनि ग्रेडर १ थान, ट्रिपर १ थान, ट्याकटर २ थान, मिनि रोलर १, सक्सन मेशिन १ थान र पानी छर्कने ट्याकी १ थान गरी ८ वटा साधान भाडामा रहेको देखिन्छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा साधान भाडामा लगाई बहाल वापत रु २८५५५२।०० आम्दानी गरेको देखिन्छ। पालिकामा रसिद काटी सेवाग्राहीले साधन लिएर जाने गरेको छ। पालिकाले सवारी साधनको लगबुक अभिलेख नराखेकोले प्राप्त आम्दानी सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाको सवारी साधनको सञ्चालन लागत बढेको तथा आन्तरिक आयमा पनि अपेक्षाकृत परिणाममा नआएको अवस्था देखिन्छ। पालिकाले भाडामा दिएको सवारी साधन प्रतिदिन कति कुदयो त्यसको लगबुक राखी आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम राजस्व आम्दानी गर्नुपर्दछ।

९९ पोखरी ठेक्काको बक्यौता रकम

पोखरी ठेक्का सकारकर्तासंग भएको सम्झौता बमोजिम आ.व ०८०/०८१ देखि २०८२/८३ सम्म ३ वर्षे ठेक्कामा सकार रकमको ३ किस्तामा बुझाउनुपर्ने र किस्ता बुझाउदा सोही वर्षको श्रावण मसान्त भित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका ठेक्काहरुमा प्रथम किस्ता (२५ प्रतिशत) सम्झौताको बखत बुझाएको र २०८१/८२ को अर्थात दोश्रो(३५ प्रतिशत) किस्ता बापतको रकम हालसम्म दाखिला नगरेकोले नियमानुसार असूल गरी दाखिला गर्नुपर्ने रु.

पालिकाको २०८०।०८१ मा लागेको ठेक्काको विवरण					
सि.नं.	पोखरीको नाम	सम्झौता गर्ने व्यक्तिको नाम र ठेगाना	कबोल रकम	पहिलो किस्ता (२५ प्रतिशत)	दोस्रो किस्ता आ.व. ०८१/०८२ मा बुझाउनुपर्ने (३५ प्रतिशत)
१	मुस्लिम टोला पोखरी	पल्टु साह हलुवाई, लहान न.पा. २१	१५१०००	३७७५०	५२८५०
२	चौधरी पोखरी(महादेव मन्दिर नजिक)	मुशहरु मलाह, नवराजपुर २	२७००००	६७५००	९४५००
३	राम जानकी पोखरी	मुशहरु मलाह, नवराजपुर २	३०१५००	७५३७५	१०५५२५
४	कटहरवाला पोखरी	संजय कुमार मुखिया, नवराजपुर - ५	२४५०००	६१२५०	८५७५०
५	जोगिया वाला पोखरी	संजय कुमार मुखिया, नवराजपुर-५	२५५०००	६३७५०	८९२५०
६	लवका पोखरी	राज कुमार यादव, नवराजपुर -४	५२१०००	१३१२५०	१८२३५०
जम्मा			१७४३५००	४३६८७५	६१०२२५

असुल गर्नुपर्ने	६,१०,२२५

१०० सामाजिक सुरक्षातर्फ

१००.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघ संस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन । कार्यालये उपलब्ध गराएको विवरण बमोजिम सामाजिक सुरक्षा कार्यक्रममा यो वर्ष रु. ९०९६२५९८।००निकासा गरेको देखिन्छ।

त्रैमासिक	आर्थिक वर्ष २०८१/८२	
	लाभग्राही संख्या	निकासा खर्च
प्रथम	३५३२	२२३४६५०१
दोश्रो	३५५५	२२६४८२४६
तेश्रो	३५७९	२२८४८८१९
चौथो	३६१०	२३११९०३२
जम्मा		९०९६२५९८

१००.२ **डोरमेन्ट खाता**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नुपर्दछ । यस वर्ष विभिन्न खाता रिजेक्ट भएकाले पालिकाले विवरण निष्कृय खाताको विवरण माग गरी खाता अद्यावधिक गर्नुपर्दछ।

१००.३ **सार्वजनिक सुनुवाई**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। पालिकाले सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ ।

१००.४ **बचत रकम फिर्ता**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको बुदाँ नं ६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा भत्ता वितरण गर्दा लगत कट्टा पछिको बचत रु.१,८०,६९९।०० रकम संघीय सञ्चित कोषमा मिति २०८२।०६।०७ मा फिर्ता गरेको देखिन्छ। पालिकाले समयमा नै बचत रकम फिर्ता गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१०१ औषधी

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका २०७९ मा औषधी खरिद प्रकृयाको व्यवस्था छ। आपूर्ति हुने औषधी वा औषधीजन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति,WHO GMP certify company बाट उत्पादन भएको हुनुपर्ने, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। पालिकाले संघीय सशर्त चालुको भौ.नं.१९३-०८१।१२।१३ बाट रू.१०९३०००, पालिका चालुको भौ.नं.२३,३८ र ४२ गरी रू.५९१००० को ८८ प्रकारका औषधिजन्य र सर्जिकल सामना हेल्पङ मल्टीपर्पोज प्रालि बाट इ बिडिङ माध्यमबाट खरिद गरेको छ। औषधीको व्याच नं र म्याद सकिने मिति खुलाई औषधी सामानको निरिक्षण प्रतिवेदन सहित स्टोर दाखिला अघि मुचुल्का उठाई राख्नुपर्नेमा सो राखेको पाइएन। कतिपय औषधीमा नि:शुल्क वितरणको लागि भनी उल्लेख भएको पाईएन। कारोबार मिति २०८१।०६।०७ रहेकोमा मिति २०८१।११।१३ मा PAMS मा दाखिला भएको छ। अत: पालिकाले औषधि खरिद, वितरण र मौज्दातको अवस्था सुनिश्चित गरी औषधिको उपयोगलाई व्यवस्थित बनाउनुपर्दछ।

१०२ स्वास्थ्यतर्फ कर्मचारी व्यवस्थापन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फ १९ जना स्थायी कर्मचारीलाई समेत कूल रु १७६१७ हजार भुक्तानी गरेको छ। तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको बढी भुक्तानी यकिन हुन सकेन। नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ।पालिका अन्तर्गत २ र स्वास्थ्य चौकीहरु(२ वटा) मा १२ र प्राथमिक स्वास्थ्य केन्द्रमा १० समेत २४ दरबन्दी रहेकोमा स्थायी १९ (भौचर १०) र करार।डोर हाजिरमा १० (भौचर ३२४ सशर्ततर्फ) समेत २९ जना कार्यरत रहेको पाईयो।कार्यालयले ऐन बमोजिम स्विकृत दरबन्दीमा कर्मचारी व्यवस्थापन गरिनुपर्दछ र करारलाई सशर्तबाट तलव भत्ता भुक्तानी दिने, तलबी प्रतिवेदन पास नगरी ग्रेड भिडान विना तलव भत्ता भुक्तानी दिने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

१०३ मू.अ. कर समायोजन

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा ६ (ग) मा करार सम्झौता अन्तर्गत सेवा वापतको रकम भुक्तानी गर्दा मू.अ. कर वापत भुक्तानी रकमको ३० प्रतिशत कट्टा गरि भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले व्युटिशियन तालिम सञ्चालन गरेकोमा दररेट माग गरेर सुनिल रिफ्रेशमेन्ट एण्ड ट्रेनिङ्ग सेन्टरलाई रू.२९६९९९ भुक्तानी गरेकोमा उक्त रकममध्ये मु.अ. कर रू.३४१६८ देखिएकोमा उक्त रकम भुक्तानी गर्दा ३० प्रतिशत मू.अ. कर कट्टी बेगर भुक्तानी गरेकोले मू.अ. कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,२५०

१०४ भुक्तानीमा करकट्टी

आयकर ऐन को दफा ८८ (१) मा मा वासिन्दा व्याक्तिले नेपालमा स्रोत भएको, व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बोनस, अवकाश भुक्तानी तथा अन्य कुनै भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार गो.भौ. नं बाट रु. १२२०००।०० भुक्तानी गर्दा १५ प्रतिशत पारिश्रमिक कर वापत रु १८३००।०० कट्टा गरी भुक्तानी गर्नुपर्नेमा गरेको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

गो भौ नं/मिति	भुक्तानी पाउने	विवरण	रकम	दाखिला गर्न बाकी कर
१३।०८२।३।२१ (विविध खाता)	मुकेश कुमार यादव	बालबालिका सम्बन्धि कार्यक्रम संचालन	६००००	९०००
४५।०८२।३।१९	श्याम लाल यादव	प्र अ शिक्षकहरुका लागि २ दिने प्र.अ नेतृत्व क्षमता विकास तालिम सम्पन्न	६२०००	९३००
जम्मा			१२२०००	१८३००

असुल गर्नुपर्ने	१८,३००

१०५ पारिश्रमिक कर

आयकर ऐन को दफा ८८ (१) मा मा वासिन्दा व्याक्तिले नेपालमा स्रोत भएको, व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बोनस, अवकाश भुक्तानी तथा अन्य कुनै भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले कानुनी सल्लाहकार पुण्य प्रसाद यादवलाई मासिक रू.४३६८९ को दरले पारिश्रमिक भुक्तानी गर्दा १५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेको देखिएकोले नपुग १४ प्रतिशत करकट्टी असुल गरी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	७३,३९७

१०६ लघु उद्यम

गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष ८ लाख ९१ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

१०६.१ **कार्यक्रम बाडफाँड र कार्यान्वयन**- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।पालिकाले निर्देशिका अनुसार कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाचामा कार्यक्रम सञ्चालन गरेको सम्पूर्ण विवरण पेश गरेको छैन। कार्यक्रम सञ्चचालनको लागि रु ८ लाख ६० हजार बजेट विवरण तयार गरेकोमा ८ लाख ९१ खर्च भएको देखिन्छ।लघु उद्यम सहजकर्ताको रुपमा एमआईएस अपरेटरबाट कार्यक्रम सञ्चालन भएको छ। जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नगरेको, लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी उपस्थिती तथा भरपाई गर्ने, टुक्रे प्यान बिल प्रयोग गर्ने (उदाहरण भौचर १६०-२०८१।११।२१) , खर्च तेरिज विना बिलभरपाई राखि भुक्तानी गर्ने गरेको देखियो।निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता तालिम, प्रविधिमा पहुँच तथा हस्तान्तरण, अनुगमन लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०६.२ **प्रविधि हस्तान्तरण**- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। प्रविधि हस्तान्तरणमा कूल बजेट १४० हजार रहेकोमा खर्च रु १५४१३१ रहेको पाईयो।गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने शिर्षकबाट रु १ लाख ५४ हजार शिर्षक फरक पारी खर्च गरेको नियमसम्मत देखिएन। भौचर नं १६६,१६८,१७० बाट भुक्तानी भएकोमा बिल भरपाई देखिएकोमा खरिद आदेश र जिन्सी दाखिला प्रकृयाको विवरण पाइएन। पालिकाले प्रविधि हस्तान्तरणको सहि सदुपयोग भए नभएको निरन्तर अनुगमन गर्नुपर्ने देखिन्छ।

१०७ विधालय भवन निर्माण

विधालय भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० को बुँदा २२ मा विधालयको भौतिक पुर्वाधारको प्राविधिक लेखाजोखा सम्बन्धित स्थानीय तहबाट हुने बुँदा २४ मा भौतिक निर्माण गर्नुपुर्व प्रचलित कानुन बमोजिम ड्रइङ्ग डिजाइन तयार र स्वीकृत हुनुपर्ने बुँदा २५ मा सार्वजनिक खरिद कानुन बमोजिम लागत अनुमान तयार र स्वीकृत गर्नुपर्ने बुँदा ३० मा निर्माण सम्बन्धी कार्य खरिद कानुनले निर्धारण गरेको विधि र प्रक्रिया बमोजिम गर्नुपर्ने बुँदा ३१ मा कार्य सम्पन्न प्रतिवेदन तोकिएको प्राविधिकबाट म ले प फारम नं ५१० को ढाँचामा तयार गर्नुपर्ने उल्लेख छ। यस आ व मा पालिकाले मिति २०८२।०३।१९ गो भौ नं ७ संघ पुजिगतबाट [केन्द्रबाट छनौट भएका नमुना विधालय, विशेष विधालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकास तथा प्राविधिक पुर्वाधार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ संचालन गर्ने विधालय ल्याब व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय संचालनमा लागि समेत)] शीर्षकबाट रु १०००००० र स्थानीय साझेदारीमा विधालय भवन निर्माण शीर्षकबाट रु ५५००००० गरी रु १५५००००० खर्च लेखाकंन गरी श्री जनता मा वि लाई रु १०००००० र श्री दलित उत्पीडित जनजाति आधारभुत विधालयलाई रु ५५००००० सम्झौता गरी निकासा दिएको भए पनि सो सम्बन्धी अन्य विवरण (खर्चको विवरण, कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन) पेश नभएकोले उक्त विवरणहरु पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	१,५५,००,०००

१०८ वन कार्यक्रम

सम्बृद्धिका लागि वन परियोजना (पि १७०७९८) को पालिकास्तरको कार्यक्रम कार्यविधि (आर्थिक वर्ष २०८१।८२) कार्यान्वयनमा रहेको छ।पालिकाले भौचर नं ३६९ मिति २०८२।०३।२५ मा रु १८४००० को विरुवा खरिद गरेको छ। दररेट माग गरी खरिद भएकोमा दररेटको पत्र रहेकोमा दर प्रमाणित देखिएन।खरिद गरिएको विरुवा PAMS मा दाखिला नभएकोमा सार्वजनिक जग्गा वन

व्यवस्थापन समूह, वडा अध्यक्ष र निजी किसानलाई वितरण गरेको छ।वितरण गरिएको विउबाट वृक्षरोषण मूल उद्देश्य भएको हुदाँ वन तथा जग्गा संरक्षण भए नभएको अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ।भौचर नं ३६९ र भौचर नं ३१५ दुवैबाट खरिद गरिएको विरुवाको एकै भरपाई रहेकोमा वितरण गरिएको बिरुवा रोपिएको र त्यसबाट तोकिएको उद्देश्य हासिल भए नभएको सुनिश्चित हुनुपर्दछ।

१०९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

१०९.१**रोजगारी सृजना**- स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत ९ वटा योजना मा सडक तथा पैनी सरसफाई/स्तरोन्नती योजना संचालन गरी सूचीकृत वेरोजगर ३२० मध्ये १०८ जनालाई रोजगारी उपलव्ध गराई रु ३१५६०००(१ प्रतिशत समेत) श्रमिक ज्याला खर्च गरेको छ ।नमूना परिक्षण गर्दा (भौचर नं २८३) योजनाको लागत अनुमान र डोर हाजिर स्विकृत भएको र वडाअध्यक्षबाट कार्यसम्पन्न सिफारिस भएकोमा नापि किताब र कार्यसम्पन्न प्रतिवेदन स्विकृत भएको देखिएन। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।पालिकाले भौचर नं १३९ मिति २०८१।१०।३० मा सशर्त बजेटबाट रु १ लाख ९० हजारको कार्यस्थल सुरक्षा सामाग्री खरिद गरेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका र काममा आधारित पारिश्रमिक सम्बन्धी निर्देशिका बमोजिम विनियोजित रकम श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने तथा सामाग्री वापतको रकम पालिकाले साझेदारी गर्नुपर्दछ। प्रधानमन्त्री रोजगार कार्यक्रम- २०८१।८२ मा १०८ जना वेरोजगारीलाई काम दिएको देखिन्छ। कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले धेरै वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१०९.२**सिप विकास तालिम** - प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा पचास दिनको सीप विकास तथा जीवन उपयोगी तालिम र बाँकी पचास दिन रोजगार आयोजनामा खटाउनुपर्ने उल्लेख छ। पालिकाले अक्सफोर्ड टेक्निकल इन्स्टिच्युट विराटनग, मोरङ मार्फत् मिति २०८१।११।१३ देखि २०८२।०१।८ गतेसम्म ४० दिने इलेक्ट्रिसियन र सडक मर्मत तथा सम्भार तालिम र १० दिने जिवन उपयोगी तालिम समेत ५० दिने तालिममा ४० जनालाई सहभागी गराई रु ६३१३५४ खर्च गरेकोमा देखिएको बेहोरा देहायबमोजिम छन् :

• मिति २०८१।७।२६ मा शिलबन्दी विधिबाट गर्ने टिप्पणी उठेकोमा मिति २०८१।०९।२ को सूचनामा स्वीकृत लागत अनुमान रकमको दुइदेखि तीन प्रतिशत रकमको सिमाभित्र रहि निश्चित रकम तोकी सिलबन्दी दरभाउपत्र मागको सूचनामा जमानत रकम उल्लेख नगरेको पाइयो।

• Request for quotation को terms and conditions of service को बुदाँ नं ४ मा सेवाको पूर्ण विमा गर्नुपर्ने उल्लेख भएकोमा बिमा गरेको पाइएन।

• सिलबन्दी दरभाउपत्रदाताले सुचना पाएको सातदिनभित्र नियम ११० बमोजिम कार्यसम्पादन जमानत पेश गरी खरिद सम्झौता गर्नु पर्नेमा मिति २०८१।१०।२३ मा सम्झौता गर्दा जमानत पेश भएको छैन।

• भौचर नं २७५ मिति २०८२/०२/०९ बाट ४० जनालाई तालिम सहभागी ज्यालामा रु १३३६००० खर्च गरेकोमा योजना कार्यान्वयनमा तालिमा पश्चात् सो आर्थिक वर्षमा सहभागी गराइएको पाइएन।

प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कार्यक्रम सञ्चालन गरिनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नवराजपुर गाउँपालिका, सिराहा , नवराजपुर गाउँपालिका , सिराहा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Saroj Kumar Singh	२०८१-०६-१८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Raj Kishore Sah	२०७८-१२-२२	२०८१-०६-१६
लेखा प्रमुख	रामबलम प्रसाद यादव	२०८१-०९-०५	२०८२-०६-२४
लेखा प्रमुख	Bharat Das	२०८१-०६-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	Dipak Surkhetti	२०८१-०२-३२	२०८१-०६-१५

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,१०९,६१३	४,२७८,३१४	२२,११२,०९०	०	०	२,२६०,३७३
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२९,७६०,३९०
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२९,७६०,३९०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८३९१५९३६.९७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३१४९२९९३.६८	चालु खर्च	२२९०७३२१०.२७
प्रदेश सरकारबाट अनुदान	१३४५०६७४	पूँजीगत खर्च	११९१९४१३९
राजश्व बाँडफाँट	६५१८५७७३.५५	वित्तीय/अन्य व्यवस्था	१४१७५५८९७.१४
आन्तरिक आय	३८०४८३७.२३		
अन्य आय	१०५९८९५०४.९		
कुल आय	४१९९२३७८३.३६	कुल खर्च	४९००२३२४६.४१
बाँकी मौज्दात		१३८१६४७३.९२	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।